# अध्याय एक (CHAPTER ONE)

## १.  परिचय (Introduction)

### १.१  अध्ययनको पृष्ठभूमि (Background of the Study)

हाम्रो देश नेपाल भूपरिवेष्टित राष्ट्र हो । ग्रामीण कृषि प्रणालीमा आधारित देश हो । कुल जनसङ्ख्या मध्ये करिब ६७% मानिस ग्रामीण क्षेत्रमा बसोबास गर्दछन् । अहिले मानिसहरू प्रत्यक्ष रूपमा कृषि पेशामा संलग्न भएको पाइन्छ । त्यसैले कृषि क्षेत्रले कुल ग्राहस्थ उत्पादनमा स्थान लिएको छ भन्न सकिन्छ । नेपाल गाउँ नै गाउँले भरिएको देश भएको हुँदा नै हरेक विकासात्मक कृयाकलापमा स्थानीय जनताको आवश्यकता र सहभागिताबाट नै चेतना र विकासको स्तरमा परिवर्तन ल्याउन सकिन्छ । यस प्रकारको अर्थतन्त्रमा बचत तथा ऋण सहकारीको ठूलो मह□व रहन्छ (राष्ट्रिय सहकारी विकास बोर्ड, २०६७) ।

नेपालमा सहकारीको प्राचिन रूप भनेको तत्कालिन स्थान विशेषमा प्रचलिन विभिन्न प्रथाहरू नै हुन् । जस्तो नेपालको पश्चिममा प्राचलिन ढिकुरी पूर्वी भेगमा पर्मा साथै उपत्यकाको मंकाखलः तथा गुठी सामुहिक कृयाकलाप गर्ने प्रथा हुन् । सन् १९५४ मा नेपालमा भएको अतिवर्षाको बाढी पहिरोका कारण देशका अनेक भागमा खेतीपाती सखाप भएको, मानिसहरूको विभिन्न स्थानबाट विस्थापित भएका कारण नयाँ नयाँ उपायको खोजी हुन थालेको थियो । वि.सं. २०१० सालमा योजना विकास तथा कृषि मन्त्रालय अन्तर्गत सहकारी विभाग स्थापनाबाट संस्थागत रूपमा सहकारिताको विकास शुरु भएको हो । यसै बेला नेपालमा सहकारी समिति बिल २०११ तर्जुमा भएपछि सहकारी कानुनको इतिहास शुरु भएको हो । बाढी पिडित जनतालाई बसोबास गराउन नेपाल सरकारबाट बहुमुखी विकास योजना प्रारम्भ गर्दा सहकारिताको महसुस गरियो (रा.स.वि.वो., २०६७) ।

यसैको फलस्वरूप वि.सं. २०१३ सालमा अमेरिकाको सहयोगमा सञ्चालित विकास योजना अन्तर्गत चितवन जिल्लाको राप्ति पुलमा १३ ओटा वचत ऋण सहकारी संस्था दता गरिए । वि.सं. २०१५ सालमा सहकारी विभाग ग्राम विकास बैंकको प्रशासनिक नियन्त्रणमा सहकारी सम्बन्धी कार्यहरू अगाडि बढाइयो । सहकारी कानुनलाई औपचारिक सहकारी ऐन २०१६ तर्जुमा भएपछि प्रदान गरियो । सहकारी संस्था नियमावली २०१८ मा तय गरियो भने यसै

सालमा सहकारी विकास कोषको व्यवस्था पनि गरियो । यसैगरी वि.सं. २०१९ सालमा सहकारी सम्बनी जनचेतना फैलाउने उद्देश्यले सहकारीमा संलगन जनशक्तिलाई शिक्षा तालिम दिलाउने सहकारी प्रशिक्षण केन्द्रको स्थापना भयो । वि.सं. २०२० सालमा सहकारी बैंकको स्थापना भएपनि २०२४ सालमा गाउँ फर्क राष्ट्रिय अभियानमा सहकारी कार्यक्रमलाई पनि समावेश गरी अगाडि बढाउने कार्य गरियो । वि.सं. २०२५ सालमा सहकारी विभाग अन्तर्गत सञ्चालित संस्थाहरूको प्रशासनिक भूमि सुधार विभागलाई सुम्पियो । वि.सं. २०२६ सालमा सहकारी विभाग भूमि सुधार मन्त्रालय अन्तर्गत रहेपछि सहकारी संस्थाहरूको प्रशासनिक सहकारी विभागहरूबाट सञ्चालन गरियो । सर्वप्रथम भक्तपुर जिल्लामा संस्थाको शेयरको रूपमा हस्तान्तरण गरियो र सहकारी संघ संस्थाको पुनः गठन गरी र एकिकरण गरी निर्दिष्ट सहकारी कार्यक्रम लागु गरियो । वि.सं. २०२७ सालमा सहकारी सुदृढिकरण कार्यक्रम अन्तर्गत सहकारी संघ संस्थाहरूको व्यवस्थापन कृषि विकास बैंकलाई दिइयो । वि.सं. २०३३ सालमा सहकारी ग्रामीण विकासका लागि संस्थागत विकास गर्न साझा कार्यक्रम लागु गरियो । यस कार्यक्रम अन्तर्गत ३० जिल्लाका हरेक उप-महानगरपालिका मा बहुमुखी सहकारी संस्था खोलियो पूजी व्यवस्थापनका लागि अनिवार्य बचत सहकारी संस्था सहकारी संघ सस्थाको व्यवस्थापन कृषि विकास बैंकबाट संघ संस्थाकै सञ्चालक समितिलाई जिल्ला लगाइयो । गुणात्मक विकासका लागि सहकारी एकिकरण गरियो । वि.सं. २०३७ सालमा तत्कालिन संविधानको संशोधन हुँदा राज्यका निर्देशक सिद्धान्तमा सहकारीलाई आर्थिक मेरुदण्डको रूपमा समावेश गरियो । सहकारी ऐन २०१६ खारेज गरी साझा ऐन २०४१ तर्जुमा गरियो (रा.स.वि.वो., २०६७) ।

वि.सं. २०४३ सालमा उच्च स्तरिय साझा संस्था नियमावली उच्च स्तरिय साझा विकास केन्द्रीय समन्वय समितिको गठन गरियो र साझा विकास विभाग कृषि मन्त्रालयमा सारियो । वि.सं. २०४६ सालमा राष्ट्रिय सहकारी महासंघ परामर्श समिति बनाई प्रतिवेदनहरू पेश भयो । वि.सं २०४८ सालमा राष्ट्रिय सहकारी विकास बोर्डको गठन भयो । सहकारी ऐन २०४८ र नियमावली २०४९ जारी भएपछि २०५० सालमा सहकारी संस्थाको स्थापना भयो । समयको क्रमसँगै सहकारी ऐनमा केही संशोधन गरियो । यसैगरी केही नेपाल ऐन संशोधन ऐन, २०५७ जारी गरियो । अन्तरिम संविधान २०६३ मा सहकारी निजी र सार्वजनिक सहित तनिखम्बे अर्थनीति स्वीकार गरियो । वि.सं. २०६५ मा सुपथ मूल्यमा सहकारी पसल सम्बन्धी नियमावली आयो (नियमावली, २०६५) । सहकारी संस्था, दर्ता,

नियमावली, सञ्चालन, लेखा परीक्षण सम्बन्धी मापदण्ड २०६८ जारी गरियो । वि.सं. २०६९ साल असार मसान्त सम्म २५, ३५३ भन्दा बढी सहकारी संस्थाहरू स्थापना भइसकेका छन् । कारोबार १५० अर्ब जति र ३० लाख भन्दा बढी मानिसहरू नेपालमा सहकारी संस्थाहरूमा आवद्ध भइसकेका छन् (रा.स.वि.वो., २०६७) ।

नेपाल उपलब्ध स्रोत साधनको भरिपूर्ण देश भए पनि दिगो आर्थिक विकासमा मजबुत भइनसकेको अवस्थामा छ । प्रविधिको प्रयोग न्यून रहेको विद्यमान अवस्थाबाट माथि उठाउन प्रविधिको व्यापक प्रयोग गराई प्रति एकाई उत्पादकमा वृद्धि ल्याउन र उत्पादनलाई प्रतिस्पर्धात्मक बनाउन नसके सम्म कृषि विकासले गति लिन नसक्ने हुन्छ । कुल राष्ट्रिय उत्पादनमा ३% र वित्तिय क्षेत्रमा १५ प्रतिशतको हाराहारीमा सहकारी क्षेत्रबाट योगदान भइसहकारीले मुलुकको आर्थिक विकासमा स्पष्ट पहिचान स्थापित गरिसक्दा पनि सहकारितामा विविधता र सिर्जनाशिलतामा अझै अभाव खड्किन्छ नेपाल सरकार व्यवसायिक कृषि विकास क्षेत्रहरूमा पूर्वाधार खडा गरी, कृषि प्रविधि प्रसार एवम् तालिम, ऋण बजार लगायतका सेवा सुविधाको व्याकेजको उपलब्धता सुनिश्चित गर्नुपर्दछ ( रा.स.वि.वो., २०६७) ।

नेपालमा सहकारीताको विकास परम्परागत रूपमा गुठी, धर्मभकारी, पर्म र ढिकुरीबाट सहकारीताको भावना शुरू भएको मानिन्छ । यसरी वि.स. २००७ सालमा प्रजातन्त्रको स्थापना भएपछि देश विकास गर्नका लागि विभिन्न प्रयासहरू थालनी भयो । वि.स. २०१० मा योजना विकास तथा कृषि मन्त्रालयको मातहतमा सहकारी विभागको स्थापना पश्चात आधिकारिक रूपमा सहकारीको संस्थागत रूपमा विकासको थालनी भएको हो । वि.स. २०११ सालमा सहकारी अवधारणा अनुरूप बहुमुखी विकास योजना प्रारम्भ स्वरूप सहकारीताको महशुस गरियो । वि.स. २०१३ साल चैत्र २० गते चितवन जिल्लाको राप्तीदुनमा बाढी पीडित समुदायहरूलाई राहत पुऱ्याउने उद्देश्यले बखानपुर सहकारी समितिको स्थापना भएको थियो । राप्तीदुनमा सञ्चालित बहुमुखी विकास योजना अन्तर्गत १३ वटा ऋण सहकारी संस्थाको स्थापना भएको थियो । वि.स. २०१५ मा सहकारी विभाग ग्रामीण विकास बैंकको प्रशासनिक नियन्त्रणमा राखी सहकारी सम्बन्धी कार्यहरू अगाडि बढाइयो । ती स्थापित सहकारीहरू व्यवस्थित गर्न र सहकारी अभियानलाई अगाडि बढाउनका लागि वि.स. २०१६ सालमा सहकारी संस्था ऐन जारी भयो । वि.स. २०१८

सालमा गैर कृषि क्षेत्रको प्रवर्द्धन र विकासका लागि साझा केन्द्रीय कार्यालयको स्थापना जसले यातायात क्षेत्रमा साझा यातायात, उपभोग्य वस्तुहरूको सुपथ मूल्यमा उपलब्ध गराउन साझा भण्डार र मानिसको स्वास्थ्यसँग सम्बन्धित औषधीहरूको बिक्री वितरण गर्नका लागि साझा स्वास्थ्य सेवा जस्ता सहकारी संस्थाका सञ्चालक, कर्मचारी र सदस्यहरूलाई सहकारी सम्बन्धी तालिम तथा प्रशिक्षण दिनका लागि वि.स. २०१९ सालमा सहकारी प्रशिक्षण केन्द्रको स्थापना भयो हाल केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रको रूपमा परिणत भएको छ । वि.स. २०२० सालमा सहकारी संस्थाहरूलाई सरल तरिकाबाट ऋण उपलब्ध गराउन सहकारी बैंकको स्थापना भयो जुन बैंक वि.स. २०२४ मा कृषि विकास बैंकमा परिणत भयो । त्यसरी नै वि.स. २०२५ सालमा सहकारी विभाग अन्तर्गत सञ्चालित संस्थाहरूको प्रशासन भूमि सुधार मन्त्रालय अन्तर्गत रहेता पनि सहकारी संस्थाहरूको प्रशासन भूमि विभागलाई सुम्पियो । वि.स. २०२६ सालमा भक्तपुर जिल्लामा सर्वप्रथम अनिवार्य बचत सहकारीको शेयरमा हस्तान्तरण गरी सहकारी संस्था सदस्यहरूबाट सञ्चालन गरिएको थियो । जहाँ सहकारी संघ संस्थाको पुनः गठन र एकीकरण गरी निर्दिष्ट सहकारी कार्यक्रम लागू गरियो । वि.स. २०२७ सालमा सहकारी सुदृढीकरण कार्यक्रम अन्तर्गत सहकारी संघ संस्थाहरूको व्यवस्थापन कृषि विकास बैंकलाई दिइयो । वि.स. २०३३ मा ग्रामीण विकासका लागि संस्थागत विकास गर्ने साझा कार्यक्रम लागू गरियो । त्यसरी नै वि.स. २०३५ मा सहकारी संघ संस्थाको व्यवस्थापन कृषि विकास बैंकबाट संघ संस्थाकै सञ्चालनमा समितिलाई जिम्मा लगाइयो । वि.स. २०३७ सालमा साना किसान साझा संस्था गठन भई न्यून आर्थिक अवस्था भएका किसानहरूको सहकारीमा संलग्नता बढ्यो । देशमा सञ्चालित सहकारीहरूलाई व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि वि.स. २०४१ सालमा साझा ऐन, वि.स. २०४३ मा साझा संस्था नियमावली जारी भयो । वि.स. २०४७ सालमा साझा अभियानलाई सुदृढ गर्न सात सदस्यीय सहकारी परामर्श समिति गठन भयो भने गैर कृषि क्षेत्रका सहकारीको प्रवर्द्धन र विकासका लागि गठन भएको साझा केन्द्रीय कार्यालय विघटन गरी वि.स. २०४८ सालमा राष्ट्रिय सहकारी विकास बोर्डको गठन भयो र सहकारी ऐन, २०४८ र सहकारी नियमावली, २०४९ जारी भयो । यसपछि देशभर सहकारी संघ संस्थाहरूको गठन र विस्तार शुरू भयो । सोही अनुरूप वि.स. २०४९ मा केन्द्रीय दुग्ध सहकारी संघ, नेपाल केन्द्रीय शेयर सदस्यहरू सहकारी संघ, नेपाल बचत

तथा ऋण केन्द्रीय संघसँगै सहकारी आन्दोलनको छाता सङ्गठनका रूपमा वि.स. २०५० सालमा राष्ट्रिय सहकारी संघको गठन भएपछि वि.स. २०५४ मा राष्ट्रिय सहकारी संघ अन्तर्राष्ट्रिय सहकारी महासंघको सदस्य बन्न सफल भयो । वि.स. २०५७ मा कृषि मन्त्रालयलाई कृषि तथा सहकारी मन्त्रालयमा परिणत गरियो । यसपछि वि.स. २०६० मा राष्ट्रिय सहकारी बैंकको स्थापना र २०६४ मा नेपाल कृषि सहकारी केन्द्रीय सहकारी संघको गठन गरियो । यसरी नै सहकारीताको विकासको क्रममा वि.स. २०६९ साल जेष्ठ ५ गते सहकारी विभाग अन्तर्गत सहकारी तथा गरिबी निवारण मन्त्रालय र बहुउद्देश्यीय केन्द्रीय सहकारी संघको गठन समेत भई सकेको छ (राष्ट्रिय सहकारी विकास बोर्ड, २०६९) ।

## १.२ समस्याको कथन (Statement of the Problem)

नेपाली जनताको न्यूनस्तरको आर्थिक सामाजिक अवस्था नै आर्थिक विकासका लागि मुख्य बाधक सावित भएको छ । नेपाल कृषि प्रधान देश, जलस्रोतको दोस्रो धनी देश गाउँ नै गाउँले भरिएको र कृषि क्षेत्र नै राष्ट्रिय उत्पादनको मेरुदण्ड भएको ६७ प्रतिशत भन्दा बढी मानिस कृषिबाट नै आर्थिक विकास गर्दछन् । तरपनि जग्गाको द्वैध स्वामित्व नेपाली कृषि व्यवसायमा पाइन्छ । अर्थ सामन्तवाद सामाजिक प्रणालीमा महशुस गर्न पाइन्छ । अधिकांश मानिसहरू कृषकहरूले गुजारा निर्वाह मुखी कृषि प्रणालीबाट गरिरहेका छन् । उनीहरूको कृषिमा आधुनिकीकरण गर्ने वातावरण पाउन सकेका छैनन र स्वयम् गरीब तथा अशिक्षित छन्, सामाजिक कुरीति र परम्परावादी छन् । कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व एकदमै कम छ । नेपाली समाज विभिन्न समस्यासँग जुध्नु परेको छ । जग्गाको भू-स्वामित्व असमान छ । अधिकांश कृषकहरू जो अत्याधिक समय कृषि पेशामा समय दिन्छन् । उनीहरूको जग्गा छैन । कुल कृषकहरू मध्ये ७५ प्रतिशतको १ हेक्टर सम्म आफ्नो जग्गा छैन (केन्द्रीय तथ्याङ्क विभाग, २०५८) ।

साना साना किसानहरू लगातार नियमित रूपमा कडा परिश्रम गरिहन्छन् तर दिन प्रतिदिन झन गरीब बन्दै गएका छन् । तिनीहरू सँग प्रशस्त कृषि श्रमिक हुन, मेहेनत र श्रम गर्न तयार छन्, प्रशस्त समय छ तर आय आर्जन गर्ने वातावरण पाइरहेका छैनन् । निम्न स्तरका मानिसहरूको वित्तिय, प्राविधिक र संस्थागत पहुँच हुन सकेको छैन । आधारभूत संरचना र कृषि सेवा उपलब्धता अपर्याप्त छ । ग्रामिण कृषिहरूले सामना गर्नुपरेको कृषि

बजारको अभाव, सिचाई सुविधाको कमी, भेटेनरी सेवा, शिशु गृह बिमा आदि आदि प्रमुख समस्या रहेका छन् (कृषि विकास बैंक, २०६६) ।

बचत तथा ऋण सहकारी मार्फत ग्रामिण कृषकको शैक्षिक आर्थिक विकासको लागि महत्वपूर्ण भूमिका खेल्छ । सहकारी सानो पूँजीबाट समेत एकिकृत हुन सकिन्छ जसले आफ्नो सदस्यलाई शिक्षा तथा सूचना प्रदान गर्ने कार्य गर्दछ । सहकारिता र शिक्षाको कार्यक्रम सँगसँगै लैजान सहकारी सफल देखिन्छ । सहकारीले कार्यक्रम सञ्चालन गर्नुपर्छ । जसले गर्दा सामाजिक, सांस्कृतिक तथा व्यवस्थापकिय ज्ञान वृद्धि हुन्छ र भावी सन्ततीको शैक्षिक संरक्षण गर्ने सोचमा विकास हुन्छ । सहकारीले एकातर्फ व्यवसाय गरेर आयआर्जन गर्न प्रोत्साहन गर्दछ भने अर्कोतिर आर्जित आयलाई बचत तथा समुचित उपयोग गर्न, वास्तविक र व्यवहारिक ज्ञान पनि प्रदान गर्दछ । त्यसै गरी सहकारी संस्थाले आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्छ । आर्थिक विकास, आर्थिक बचत तथा परिचालन नै यसको प्रमुख उद्देश्य हो । सहकारीले आफ्ना सदस्यहरूको स-सानो पूँजीलाई संकलिन गरी आफ्ना सदस्यहरूलाई आर्थिक सिप सूचना, लगानी व्यवसायमुखी बनाउन लगानीमा प्रोत्साहन गर्दछ । यसले दिने सेवा आय आर्जन गर्न व्यावसायिक लगानीमा प्रोत्साहन र सदस्यलाई आर्थिक निर्भर बनाउनु हो । सहकारीमा संलग्न सदस्यहरूको आर्थिक विकास गर्नु प्रमुख उद्देश्य रहन्छ । जसका लागि विभिन्न क्षेत्रमा लगानी गर्नु पर्दछ (सहकारी विभाग, २०६६) ।

विश्वमा फैलिदै गएको सहकारिताको मर्म र भावना नेपाली समाजको तल्लो तहमा गठित सहकारी संस्थाका सदस्यहरूले अझै पनि सही ढङ्गले बुझ्न सकेका छैनन् । जसको एउटा कारण एउटा निम्न वर्गहरू नसमेट्नु हो भने सहभागी सदस्यहरू बीच निर्णय प्रक्रियामा समान हैसियत कायम हुन नसक्नु हो । न्यून आय भएका गरीब तथा व्यक्तिगत ज्ञान र सीप भएका मानिसहरूको आर्थिक उपार्जनको प्रभावकारी माध्यम सावित हुन सकेको छैन भने टाठा बाठा मानिसहरूको आफ्नो मान्छेलाई जागिर दिइ प्रत्यक्ष फाइदा सहकारी संस्थाबाट लिएको पाइन्छ । माथि उल्लेखित यथावत समस्याहरू नेपाली वर्तमान समाजमा यथावत छन् ।

## १.३ अध्ययनको उद्देश्य (Objective of the Study)

यस अध्ययनको साधारण उद्देश्य सहकारी संस्थामा संलग्न सदस्यहरूको आर्थिक तथा उनीहरूको पारिवारिक शैक्षिक अवस्थाको विश्लेषण गर्नु हो । यस अध्ययनका विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

१) सहकारी संस्थाको वर्तमान अवस्थाको विश्लेषण गर्नु ।

२) सहकारी संस्थाले सदस्यहरूको आर्थिक तथा उनीहरूका बालबालिकाहरूको शैक्षिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउनु ।

३) सहकारी संस्थाले प्रवाह गर्ने ऋणका क्षेत्रहरू र ऋण प्रवाह गर्ने प्रकृयाको विश्लेषण गर्नु ।

## १.४ अनुसन्धान प्रश्न (Research Question)

सहकारी संस्थाले स्थानीय शेयर सदस्यहरूको आर्थिक तथा सामाजिक क्षेत्रमा पुऱ्याएको योगदान तथा बहुउद्देश्य सहकारी संस्थाले स्थानीय तथा सहकारी संस्थाले स्थानीय शेयर सदस्यहरूको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव विश्लेषण गर्ने उद्देश्यले तयार गरिएको यस अध्ययनका लागि अनुसन्धानात्मक प्रश्नहरू यसप्रकार रहेका छन् ।

१. सहकारीको वर्तमान अवस्था कस्तो रहेको छ ?

२. सहकारी संस्थामा आवद्ध शेयर सदस्यहरूको आर्थिक स्रोतहरू के के हुन् ?

३. सहकारी संस्थाले कुन कुन क्षेत्रमा ऋण प्रदान गर्दछ ?

४. सहकारी संस्थाले शेयर सदस्यहरूको आर्थिक अवस्थामा कस्तो प्रभाव पारेको छ ?

५. के सहकारी संस्थाले शेयर सदस्यहरूको शैक्षिक क्षेत्रमा प्रभाव पारेको छ ?

## १.५ अध्ययनको मह□व (Significance of the Study)

नेपालमा रहेको अदृश्य बेरोजगारीको स्थिति भयावह छ । त्यसैले कृषि क्षेत्रमा संलग्न किसानहरूलाई सक्रिय बनाउन बचत तथा ऋण सहकारीले सहयोग पुऱ्याउन सक्दछ । सहकारीले नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा मह□वपूर्ण भूमिका खेलेको छ ।

बचत गर्नुका साथै व्यवसायमा लगानी गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । सहकारी आर्थिक विकासका लागि तीन खम्बा मध्ये एक मान्न थालिएको छ । जसले आर्थिक विकासको ३३ प्रतिशत हिस्सा ओगटेको छ ।

सहकारी व्यवसाय प्रवर्द्धनको सबै भन्दा महत्त्वपूर्ण पक्ष भनेको गरिबी निवारणमा योगदान, उत्पादन रोजगारीको सृजना, श्रमबजारको सन्तुलन, आवश्यकता अनुसार सेवा, सामाजिक एकिकरण, प्रजातान्त्रिक संस्कृतिको प्रवर्द्धन वातावरण संरक्षण, स्वच्छ उत्पादन, व्यापारमा सुद्धता, उद्यमसिलताको विकास उत्पादनमा वृद्धि, स्थिर र दिगो आर्थिक विकास गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ (अधिकारी, २०६७) ।

नेपालमा विकसित सहकारी अभियानले सहकारीहरूको व्यावसायिक सीप र क्षमताको वृद्धि गरी आर्थिक सामाजिक क्षेत्रमा अवश्य नै सहयोग पुऱ्याउने छ । विकासोन्मुख देशको लागि सहकारीको महत्त्व तलको उक्तिले पनि स्पष्ट पार्नेछ । “अपनाऔ पद्धति सहकारी, हटाऔ गरिबी र बेरोजगारी” (सहकारी, स्मारीका राष्ट्रिय संघ लि. २०६२ चैत्र २०) त्यसै गरी “गाउँ गाउँमा सहकारी घरघरमा भकारी” जस्ता नाराले पनि सहकारीको महत्त्व अझ झल्काउन सकिन्छ ।

देश विभिन्न व्यवसायिक सीप र दक्षताको विकास गर्न सकेमा सम्पूर्ण सहकारीकर्मीहरूको आयमा वृद्धि हुने र सदस्यहरू स्वावलम्बि हुने जसले गरिबी र बेरोजगारी समस्यालाई नियन्त्रण गर्न सकिनेछ (सहकारी विभाग, २०६६) ।

यसरी लमजुङ्ग जिल्ला मध्यनेपाल नगरपालिकामा रहेका देउराली बहुउद्देश्यीय सहकारी संस्थाले त्यस सँग आवद्ध रहेका सदस्यहरूको आर्थिक स्थितिमा के कस्तो सुधार ल्याएको छ । त्यहाँ रहेका सदस्यहरको आर्थिक स्थिति पहिलेको र अहिलेको अवस्थामा कस्तो परिवर्तन आएको छ । त्यसले समुदायमा कस्तो प्रभाव पारेको छ, यसरी त्यसलाई आर्थिक स्थिति मजबुत बनाउन सफल सदस्यहरूको बालबालिकाको शिक्षामा गरिएको लगानी कस्तो छ भन्ने सन्दर्भमा यो अध्ययन उपयोगी हुने छ । यसका साथै अध्ययनको महत्त्व निम्नानुसार हुनेछ ।

क) सहकारी संस्थामा संलग्न भएका सदस्यहरको लागि सहकारी सम्बन्धी ज्ञान विस्तार गर्न उपयोगी हुनेछ ।

ख) गरिबी निवारण उत्पादक रोजगारीको सृजना उद्यमशिलताको विकास, आर्थिक विकास गर्नका लागि आवश्यक सहयोग पुग्नेछ ।

ग) सहकारी सम्बन्धी नीति निर्माणको लागि नीति निर्माण गर्न सहयोग मिल्ने छ ।

घ) सहकारी सम्बन्धी थप अध्ययन अनुसन्धानको लागि सहयोग पुग्नेछ ।

ङ) सहकारीमा संलगन सदस्यहरको समस्याहरू कस्ता छन्, पत्ता लगाउन उपयोगी हुनेछ ।

## १.६ अध्ययनको सिमा (Limitation of the Study)

यस अध्ययन कार्य सीमित साधन र स्रोत तथा समयले गर्दा निम्न लिखित सिमाभित्र रहेर सञ्चालन गरिएको छ ।

क) यो अध्ययन लमजुङ्ग जिल्ला, मध्यनेपाल नगरपालिका वाड नं. ७ मा सञ्चालित देउराली बहुउद्देश्यीय सहकारी संस्थाले समेटेको क्षेत्रमा मात्र सीमित रहनेछ ।

ख) यो अध्ययन केवल सहकारीमा संलग्न सदस्यहरूसँग मात्र सीमित रहनेछ ।

ग) सहकारीमा संलग्न सदस्यमध्ये ९०० घरपरिवारहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ । यसले सम्पूर्ण सदस्यहरूको प्रतिनिधित्व गर्ने विश्वास गरिएकोछ ।

घ) सहकारी संस्थामा आवद्ध भएका मानिसहरूको बालबालिकाहरूको माध्यमिक विद्यालयको पढाईलाई मात्र अध्ययनमा समावेश गरिएको छ ।

ङ) आर्थिक वर्ष २०७१/०७२ र २०७२/०७३ को तथ्याङ्कमा सीमित रहेको छ ।

## १.७ मुख्य शब्दावलीको परिभाषा (Definitions of Key Terms)

आम्दानी - वस्तु तथा सेवा विक्री गरेवापत प्राप्त गरिएको रकम ।

खर्च - वस्तु तथा सेवा खरिद गर्दा भुक्तान गरिएको रकम ।

वचत - आम्दानी र खर्च बिचको अन्तर ।

साक्षर - आफ्नो नाम लेख्न र पढ्न सक्ने व्यक्ति ।

निरक्षर - आफ्नो नाम लेख्न र पढ्न नसक्ने व्यक्ति ।

जनसंख्या - अध्ययन क्षेत्रमा रहेको कूल जनसंख्या ।

नमुना - ठूलो जनसंख्याबाट छनोट गरिएको प्रतिनिधिमूलक समूह ।

अन्तर्वार्ता - दुई वा दुई भन्दा बढी व्यक्तिहरू बिच आमने सामने बसेर गरिने कुराकानी ।

## १.८ अध्ययनको संगठन (Organization of the Study)

यस अध्ययनको सङ्गठन पाँच अध्यायमा गरिएको छ । अध्याय एकमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अनुसन्धान प्रश्नहरू, अध्ययनको महत्व, अध्ययनको सीमा, अध्ययनको सङ्गठन देखाइएको छ । अध्याय दुईमा सैद्धान्तिक साहित्यको पुनरावलोकन, पूर्व अध्ययनको पुनरावलोकन, प्रस्तुत अध्ययनका लागि पूर्व अध्ययनको प्रभाव, अनुसन्धान अन्तर, कार्यात्मक ढाँचा, देखाइएको छ । अध्याय तिनमा अनुसन्धान ढाँचा र विधि, तथ्याङ्कका स्रोत, जनसङ्ख्या, नमुना, आकार र नमुना रणनीति, अध्ययन क्षेत्र, तथ्याङ्क सङ्कलनका औजारहरू, तथ्याङ्क सङ्कलन प्रविधि, तथ्याङ्क विश्लेषणको तरिकाहरू देखाइएको छ । अध्याय चारमा अध्ययन क्षेत्रको परिचय, भौगोलिक अवस्था, जनसङ्ख्या, सहकारीको वर्तमान अवस्था, उद्देश्यहरूका कार्यहरू, संस्थाको संगठनात्मक अवस्थाहरू संस्थाको पूँजीगत दायित्व, नगद सम्पत्ति, लगानीको क्षेत्रगत विवरण, वार्षिक आम्दानी, वार्षिक खर्च, छनोट सदस्यहरूको उमेर जातिगत र पेशागत विवरण, पारिवारिक सदस्य सङ्ख्या, छनोटमा परेको सदस्यहरूको आर्थिक अवस्था तहगत वार्षिक अवस्था, नमुना छनोटमा परेको पारिवारिक शैक्षिक, अवस्था, नमुना छनोटमा परेका बालबालिकाको उमेरगत विवरण, ऋण, बचत, ऋणका श्रोत र ऋण लिनुको उद्देश्य र व्याजदर । प्राप्तिको सारांश राखिएको छ । अध्याय ५ मा निष्कर्ष र सुझावहरू राखिएको छ । त्यसपछि सन्दर्भसूचीहरू तथा अनुसूचीहरू राखिएको छ ।

# अध्याय : दुई (CHAPTER – TWO)

## २. सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा (Review of Related Literature and Conceptual Framework)

यस अध्यायमा अनुसन्धान शीर्षकसँग सम्बन्धित विभन्नि पाठ्यपुस्तक, जर्नल अनुसन्धान प्रतिवेदन लगायत अन्य अप्रकाशित अभिलेखहरूको पुनरावलोकन गरिएको छ । यसका साथै सहकारी संस्थाको इतिहास, नेपालमा सहकारी संस्थाको स्थापना र विकास सम्बन्धी विभिन्न लेख रचना तथा अनुसन्धानकर्ताहरूको अनुसन्धानको समीक्षा गरिएको छ ।

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of Theoretical Literature)

राष्ट्रिय सहकारी विकास वोर्ड (२०४७) काअनुसार सहकारीको इतिहासलाई सिहावलोकन गर्दा शुरुको सहकारी बैंक र त्यसपछिको भूमि सुधार बचत संस्थालाई कृषि विकास बैंकमा गाभिएकोले एउटा कृषि विकास बैंकले उक्त रकमहरू फिर्ता गर्न पर्ने सरकारी नीति हुनुपर्दछ । यदि त्यो हुन सक्दैन भने दोस्रो उपाय महासंघ आत्मनिर्भर हुन र साझा संस्थाको पुन स्थापना गरिनु पर्दछ ।

कृषि विकास बैंक (२०५४) काअनुसार चौथो पञ्चवर्षिय योजना (२०२७/०२८-२०३१/०३२) मा सहकारी संस्थालाई सुदृढिकरण गरी निदिष्ट रूपमा सञ्चालन गर्ने कार्यक्रम अन्तर्गत केही संस्थाको व्यवस्थापन ऋण, दिने संस्था र कृषि विकास बैंकले गर्ने र केही संस्थाको व्यवस्था भयो । पाँचौं पञ्चवर्षिय योजना (२०३२/०३३-२०३३/०३७) मा ग्रामिण विकासको लागि संस्थागत व्यवस्थापन ग्रामिण स्तरमा स-साना किसान तथा व्यवसायिक ग्रामिण स्तरमा नै ऋण सुविधा र कृषि सामग्रीको बेचविखन गरी उन्नत खेती प्रणालीको माध्यमबाट कृषकहरूको आय वृद्धि गर्न, गाउँमा बैंक सुविधा उपलब्ध गराउनु, साझा संस्था खोलियो । छैटौं योजना (२०३६/०३७-२०४१/२०४२) मा साना किसान भूमिहिनहरूको् लागि छुट्टा छुट्टै संस्था सञ्चालन गर्ने नीति अनुसार तराईका २० जिल्लामा २१ संस्थाहरू खोलिए । सहकारी संस्था ऐन २०१६ खारेजी र वि.सं. २०५१ सालमा साझा संस्था ऐन २०४१ को व्यवस्था भयो । जसले राष्ट्रिय स्तरको संघ हुनसक्ने व्यवस्था गरेको र सहकारी विभागको महानिर्देशनलाई अझ बढी अधिकार दिएको पाइन्छ । सातौं योजना २०४९/०५०-२०५३/०५४ मा सहकारी शिक्षा तालिम तथा भूमिगत, पूर्वाधार र

सुदृढिकरण भौतिक पूर्वाधार विकासका लागि सहकारी स्तरबाट सञ्चालन हुने कार्यक्रम अगाडि बढाइयो ।

पौड्याल (२०६६) काअनुसार सहकारी भनेको त्यस्ता मानिसहरूको संगठन हो जुन स्वेच्छिक रूपमा एकजुट भै आफ्ना समान आर्थिक, सामाजिक आवश्यकता र आकाङ्क्षाको परिपूर्ति प्रजातान्त्रिक प्रणालीमा आधारित पद्धति मार्फत गर्न चाहन्छन् । यसमा म को सट्टा हामी र हाम्रा लागि आर्थिक सामाजिक उद्यम गरौ भन्ने मूल आदर्श रहेको हुन्छ । सामूहिक प्रयासद्वारा मानव जीवन पद्धतिको हरेक क्षेत्र जस्तो कृषि, घरेलु तथा साना उद्योग र मझौला व्यवसायहरूको सञ्चालन तथा प्रवर्द्धन सामूहिक सेवाहरूको विकास एवम् परिचालन सहकारीको माध्यमबाट हुन सक्छ ।

Asian Development Bank (1998 A.D.) काअनुसार ऋण प्राप्त गर्नुपर्ने साना किसान विकास कार्यक्रमको प्रथम विन्दु जसबाट सहकारी संस्था कार्यक्रमले साना किसान परिवारका विभिन्न सामाजिक तथा सामुदायिक सेवाहरू जुटाउने मञ्चको रूपमा कार्य गरेको छ । यसका साथै कार्यक्रमहरूमा साक्षरता, परिवार नियोजन, शिशु स्याहार, महिला विकासलाई समेटेको छ । यस परियोजनाले वृक्षारोपण, सिचाइ, सामुदायिक भवन आदि मार्फत सामुदायिक सम्पत्तिको सृजना पनि भइरहेको छ । त्रिवर्षिय योजना (२०६४-०६७) मा सहकारीलाई आर्थिक विकासको प्रमुख एक खम्वाको रूपमा लिइएको छ । यसले कुल राष्ट्रिय उत्पादनमा १ प्रतिशत योगदान लिएको छ । वित्तिय क्षेत्रमा ७ प्रतिशत योगदान दिन सफल भएको छ ।

कोइराला (२०६६) काअनुसार सहकारी संस्थाः राष्ट्रको आर्थिक, सामाजिक, शैक्षिक विकासका अपरिहार्यमा शिर्षकको अध्ययनमा सहकारी प्रत्येक वर्ग, समुदाय, र क्षेत्रका व्यक्तिलाई सामुहिक भावनाका साथ व्यक्तिगत उन्नति, प्रगतिमा अगाडि बढाउने लक्ष्य बोकेको विशुद्ध सामाजिक संस्था हो । समाजमा विद्यमान प्रकारका असमानताहरूलाई हटाई सबै सदस्यहरूलाई एकताको सूत्रमा आवद्ध गराई राष्ट्र निर्माणमा सबैको उपस्थिति र सक्रियता बढाउने स्वच्छ अभियान हो । सहकारी क्षेत्रबाट अर्थतन्त्रलाई पुग्ने प्रमुख योगदानलाई मूर्तरूप दिन यसमा विद्यमान समस्या र चुनौतीलाई कम गरी अझ बढाउन निजी, सार्वजनिक र सहकारी प्रमुख अंगको रूपमा दुई खुट्टा मध्ये उत्कृष्ट भनी स्वीकार गरिएको सोह्रै आना समय सान्दर्भिक हो ।

दाहाल (२०६६) काअनुसार नेपालमा विकासका मोडलमध्ये सहकारी मोडल मार्फत अर्थतन्त्रको विकास गर्न एक शशक्त औजारको रूपमा सहकारीलाई अगाल्दै अघि बढेको देखिन्छ । नेपालमा सहकारीलाई अर्थतन्त्रको ३ खम्वामध्ये एक खम्वाको रूपमा लिइएको छ । यसले विश्वमा आर्थिक मन्दीको असर नपरेकाले सहकारिताको प्रभावकारितालाई आंकलन गर्न सकिन्छ र सहकारी अर्थतन्त्र दिगो अर्थतन्त्र हो भन्न सकिन्छ । सहकारी आन्दोलनलाई अत्यन्त विर्चालत अवस्थामा समेत सहकारीहरूले सुमदायमा रकमको सुरक्षाको प्रत्यभूति साथै जनताको आस्था र विश्वासलाई समेटेर सहकारीलाई बचाएर राख्न सकेकाले वचत तथा सहकारिताको भूमिकालाई अहम मान्न सकिन्छ ।

अधिकारी (२०६७) काअनुसार काठमाडौं महानगरपालिकामा सञ्चालिन विभिन्न सहकारी संस्थाहरूले त्यहाँको जनताहरूको आर्थिक विकासमा प्रत्यक्षसकरात्मक प्रभाव पारेको पाइयो । सहकारी संस्थाहरूले मुख्य गरी नाङ्ला व्यापारी, किसान, व्यवसायी, तरकारी, खेती किसान, व्यापार र नोकरी सेवा वर्गका मानिसहरूलाई सहयोग पुऱ्याएको छ । पहिले पहिले बैंकमा पैसा वचत गर्न जाने समय पाउन नसक्ने वर्ग घरमा काम गर्ने वर्ग तथा महत्वपूर्ण समयको बाबजुद बैंकमा उपस्थित नहुने बुद्धिजिवी वर्ग, वृद्ध केटाकेटी आदि समेतलाई सहयोग र सहकार्यको पाठ सिकाइ सचेत बनाउन सफल भएको छ । यसरी समाजमा पछि परेका महिलाको स्थितिमा पनि व्यापक सुधार ल्याएको पाइन्छ । महिलामा बचत गर्ने वानीले गर्दा शिक्षा, स्वास्थ्य क्षेत्रमा पहुँच पुऱ्याउन सहकारीले मद्दत गरेको पाइन्छ ।

राष्ट्रिय योजना आयोग (२०६८) काअनुसार बाह्रौ त्रिवर्षिय योजना (२०६७-२०७०) मा सहकारीको माध्यमबाट आम जनताको श्रम, सीप, पूँजी तथा स्रोतलाई सामूहिक हितका लागि संगठित रूपमा परिचालित गरी आर्थिक सम्वृद्धि सामाजिक रूपान्तरण र समन्वयात्मक विकासमा आधारशिला तयार गर्ने उद्देश्य लिएको छ । साथै देशको समग्र आर्थिक विकासमा योगदान गर्न पर्याप्त रोजगारी सृजना गर्नका लागि निजी क्षेत्र तथा समुदाय सहकारी क्षेत्रको हित सुनिश्चित गर्दै साझेदारीहरूका बीचमा जोखिम प्रतिफलको उचित हिस्सा वितरण हुन व्यवस्था मिलाउने कार्यलाई जोड दिएको छ । समुदायमा छरिएर रहेका स्रोत साधनलाई एकिकृतगरी राष्ट्रिय पूँजीमा वृद्धि गर्न तथा सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरण गर्दै समतामूलक समाजको निर्माणमा सहकारीले सहयोग पुऱ्याउँछ । स्वरोजगार सिर्जना गर्दै मुलुकमा शान्ति कायम राख्न एवम् विकास

निर्माणमा सहकारी पद्धति अनिवार्य भएको कुरा सरकारका विगतका नीति तथा कार्यक्रमहरू मार्फत मुखारित हुँदै गएको छ । हालसम्म १८ हजारभन्दा बढी प्रारम्भिक सहकारी संस्था मार्फत प्रत्यक्ष रूपमा ३० लाख भन्दा बढी व्यक्तिहरू सहकारितामा आवद्ध भएको ५० हजार व्यक्तिहरूले प्रत्यक्ष रोजगारी प्राप्त गरेका विश्वास गरिएको छ । मुलुकमा उत्पादन वित्तिय तथा सहकारी माध्यमबाट ग्रामिण क्षेत्रमा समेत वित्तिय परिचलन भई बैंकसम्म पहुँच नभएका संस्थापक खासगरी महिला सहकारी संस्थाहरू सहायक सिद्ध भएका छन् ।

बास्कोटा (२०७०) काअनुसार अठारौं शताब्दीको उत्तरार्धतिर आएको औद्योगिक क्रान्तिको प्रभावबाट बेलायतको आर्थिक तथा सामाजिक क्षेत्रमा आएको परिवर्तनको उपलब्धि स्वरूप सहकारी आन्दोलनको सुरु भएको छ । औद्योगिक क्रान्तिबाट पीडित केही व्यक्तिहरूको समस्या निराकरणको लागि गरेको खोजको परिणाम नै आजको विकसित रूप हो । औद्योगिक क्रान्ति भन्दा अगाडि बेलायतको कृषि तथा उद्योगको स्थिति हालको अविकसित देशहरू जस्तै थियो भने शहरहरू पनि यस्तै स-साना अविकसित भवन तथा दल विकासको अभाव रहेको छ । उद्योगहरूमा सानातिना कालीगढहरूमा मात्र सिमित थियो र कलकारखाना र यान्त्रिक विकास भएको थिएन । १९ औं शताब्दीको सुरुमा बेलायतमा परिवर्तन देखिन थाल्यो । साना किसानका साना-साना जग्गा खेतवारी ठूला पुँजीपतिको हातमा पर्न गएको छ । सडक सुधार नहर निर्माण जस्ता कार्यहरू तिव्रताका साथ सम्पन्न हुन थाले । कृषि पनि वैज्ञानिक तवरले हुन थाल्यो औद्योगिक क्षेत्रमा नयाँ नयाँ आविष्यकार हुन गई ठूला ठूला कलाकारखानाको स्थापना हुन थालेको छ । उत्पादन ठूलो मात्रामा हुन थाल्यो र कम लागतमा गुणस्तरीय वस्तु उत्पादन हुन थाले पनि परिणामस्वरूप सानानाना घरेलु उद्योगहरू प्राय बन्द हुन पुगे । श्रमिक स्थापना औजारले लिन थालेको छ । बेरोजगारी श्रमिकहरू कारखाना मालिकको आर्थिक स्थिति दयनीय बन्दै गयो । अर्को तर्फ खाद्य सम्बन्धी कानूनी गडबढी देखि लिएर खाद्य मिलावट प्रथा सामाय जस्तै हुन थालेको छ । यस किसिमका समस्याबाट उम्कन तत्काल केही उपायहरू देखिएकोले विभिन्न अर्थशास्त्री, राजनीतिज्ञ, शिक्षाविद्हरू, चिन्तकहरू तथा समाज सुधारकहरू यस बारे चिन्तिन हुन थाले अनेकौं सुधारकहरूले कर्मचारी, मजदुर र मालिकहरूबिच सम्बन्ध सुधार गर्न ठूलो प्रयत्न गरेको छ । बेलायतको औद्योगिक क्रान्ति जन्य प्रतिकुल परिस्थितिको सुधारमा लागेका सुधारक मध्ये Robert own प्रमुख मान्छिन् । आधुनिक सहकारिताको विकासमा लागेको Robert Owen नै सहकारितामा जन्मदाता मानिन्छन् ।

तिमल्सिना (२०७०) काअनुसार सहकारी ऐन, २०४८ र नियमावली २०४९ आएपछि नेपालमा सहकारीको विकासले राज्यबाट केही पाएको अनुभूति गर्न पाए पनि त्यसको कार्यान्वयन भने पुरानै परम्परामा रहेको छ । मुल रूपमा नेपाली प्रकाशक संयन्त्रको कार्यशैली तथा अस्थिर राजनीतिको सिकाइका कारण सहकारीमा दुरगामी सिर्जनात्मक काम हुन सकेनन् । ऐनले परिकल्पना गरेका सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी संघ तथा अन्य विषयगत सहकारिता संघ लगायत सहकारी आन्दोलनका निकायहरू मूलतः राजनीतिक अस्थिरताको प्रभावमा नै परिरहे ।

## २.२ अनुसन्धानात्मक साहित्यको पुनरावलोकन (Review of Research Literature)

ओभा (२०६४) लेविरेन्द्र नगरपालिकामा रहेका सहकारी संस्थाका सदस्यको सामाजिक र आर्थिक अवस्थाको सिंहावलोकन शिर्षकमा गरिएको अध्ययनमा साना किसान तथा व्यवसायीहरू एक आपसमा बसेर अन्तरक्रिया गर्ने, समस्या र भावना साटासाट गर्ने वातावरण बनेको छ । मुख्य उपलब्धी यो छ, कि गरिब र भूमिहिन मानिसहरूले आफूलाई एक्लो र कमजोर महशुस गरेका छैनन् । समाजमा देखा परेका विभेदलाई सहकारी संस्थाहरूले धेरै हदसम्म न्यूनिकरण गर्दै लगेका छन् । जस्तैः लैंगिक असमानता, जातिगत भेदभाव, सामन्ती मनोवृत्तिमा परिवर्तन देखा परेको छ । सहकारी संस्थाका माध्यमबाट महिलाहरूले सामाजिक, आर्थिक क्रियाकलापमा सहभागिता बढाउने अवसर पाएका छन् । विभन्नि किसिमका सीपमूलक र आयमूलक तालिमले सदस्यहरूलाई दक्ष बनाई आत्मनिर्भर बनाएको छ । साधारण जनताहरूमा नियमित बचत गर्ने बानीको विकास भएको छ । पारिवारिक बचत र लगानीदरमा वृद्धि हुँदै गएको छ । पुँजी अभावमा खेर गएको जनशक्ति रोजगारीका लागि उत्प्रेरित भएको छ ।

चौधरी (२००८) काअनुसार सिराह जिल्लाको पोखर मिन्दा नगरपालिका मा स्थापित हिमालय वचत तथा ऋण सहकारी संस्था लिमिटेडको अध्ययन अनुसार वचतलाई प्रोत्साहतन गर्ने, बढी उत्पादनमुखी क्षेत्रमा ऋण प्रदान गर्ने साथै जीवन विना गर्ने जस्ता उद्देश्य लिएर खोलिएको सहकारी संस्थाले सो स्थानमा पर्याप्त सफलता पाएको पाइयो । त्यहाँ सहकारी स्थापनाले गर्दा स्थानिय जनतामा जनचेतनाको विकास गर्नुका साथै विभिन्न किसिमका सामाजिक क्रियाकलापमा सहभागी हुन उद्यमी सम्बन्धी तालिम दिन, महिला

अधिकार, बाल अधिकार सम्बन्धी चेतना फैलाउन सहयोग गरेको थियो । सहकारी संस्थाले महिला साक्षरता बढाउन सहयोग गर्नुका साथै जीवन निर्वाह गर्नका लागि विभिन्न किसिमका उपयोगी सीपहरूको विकास गरेको पाइयो । यसरी हेर्दा सहकारीले पोखर विन्दा नगरपालिका को स्थानिय जनताको सम्पूर्ण क्षेत्रको विकासमा सहयोग पुऱ्याएको थियो ।

पौडेल (२०६६) काअनुसार नेपालको ग्रामीण अर्थतन्त्रको विकासमा साना किसान सहकारी संस्थाको भूमिका : आनन्दवन सहकारी संस्था एक अध्ययन शिर्षकमा त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको शोधपत्रमा साना किसान संस्थागत विकास कार्यक्रमको समग्र स्थिति बारे अध्ययन गर्दै हाँसिल उपलब्धीहरूको विवेचना गर्नु, साना किसान सहकारी संस्था लिमिटेड सञ्चालनमा व्यवस्थापन क्षमताबारे अध्ययन गर्दै साना किसानहरूमा निर्माण क्षमता र नेतृत्वबारे अध्ययनको सार्थक कार्यक्रममा देखिएका समस्याहरूको पहिचान गरी सुझाव प्रस्तुत गर्नु जस्ता उद्देश्य राखिएको थियो । यस अध्ययनमा साना किसान परिवारको आम्दानी वृद्धि गर्न साना किसान विकास कार्यक्रम भन्दा साना किसान संस्थागत विकास कार्यक्रम अझ बढी सफल रहेको, साना किसान सहकारी संस्थामा स्थानीय स्तरका कार्यकर्ताहरूद्वारा नै कार्यक्रम संचालन भएकाले साना किसान विकास आयोजनाका कर्मचारीहरूलाई भन्दा स्थानीय कार्यकर्ता प्रति बढी विश्वास गरेको देखियो भन्ने निष्कर्ष निकालिएको छ ।

अधिकारी (२०६७) लेसहकारी संस्थाले समुदायमा पारेको आर्थिक तथा शैक्षिक प्रभाव शिर्षकमा गरेको अध्ययनका अनुसार, सहकारी संस्थामा संलग्न भएका सदस्यहरूको औषत आम्दानीका कुल खर्चको २० प्रतिशत खर्च सहकारीको आम्दानीले पूरा गरेको, चर्को व्याजदरमा साहुमहाजनबाट लिइने ऋण भन्दा सहकारीबाट लिइने ऋणको मात्रा वृद्धि हुँदै गएको, सहकारीमा आवद्ध हुनुभन्दा अगाडि ५३.८२ प्रतिशत व्यक्तिहरूले आफ्नो बालबलिकाहरूलाई सरकारी विद्यालयमा पठाउने गरेका थिए । समग्रमा यस क्षेत्रमा सञ्चालित सहकारी सदस्यहरूका लागि बढी प्रभावकारी र आयमुलक भएको तथ्य यस अध्ययनबाट प्रमाणित भएको छ ।

अधिकारी (२०६८) काअनुसार, पहिले बैंङ्कमा पैसा बचत गर्न जान समय पाउन नसक्ने वर्ग, धितो नभएका वर्ग, घरमा काम गर्ने तथा महत्वपूर्ण समयका वावजुत बैङ्कमा उपस्थित नहुने वुद्धिजीवी वर्ग वृद्ध केटाकेटी आदि समेतलाई सहयोग र सहकार्यको पाठ सिकाई सचेत

बनाउन सफल भएको छ । यसरी समाजमा पछाडि परेको महिलाको स्थितिमा पनि व्यापक सुधार ल्याएको छ । महिलामा वचत गर्ने वानीले गर्दा घरका केटाकेटीहरूलाई राम्रो राम्रो बोर्डिङ स्कुल, विद्यालय र विश्वविद्यालयमा पहुँच पुऱ्याउन सहकारीले मद्दत गरेको छ ।

के.सी. (२०६८) काअनुसार महिला सशक्तिकरणमा बचत तथा ऋण सहकारी संस्थाको भूमिका बिदुर नगरपालिका नुवाकोट एक अध्ययन शीर्षकमा अध्ययन गरिए अनुसार समान उद्देश्य भएका व्यक्तिहरूद्वारा पारस्परिक सहयोगका आधारमा आफ्नो आर्थिक तथा सामाजिक उत्थानको लागि प्रजातान्त्रिक ढङ्गले गर्ने कार्यलाई सहकारिता भनिन्छ । सहकारी सदस्य केन्द्रीय व्यावसायिक सेवा लिने दिने पारस्परिक सहयोगमा सदस्यहरूको सामाजिक आर्थिक र शैक्षिक विकासमा जोड दिने संस्था हो । यहाँ हामीले अध्ययन गरेका बचत तथा ऋण सहकारी संस्थाहरू जसले सदस्यहरूको आर्थिक, सामाजिक तथा शैक्षिक विकासको लागि संस्था मार्फत् आफ्ना सदस्यहरूलाई व्यवासायिक सेवा प्रदान गर्दछ । यहाँ विभिन्न स्रोतहरूको अध्ययनबाट यस अनुसन्धान प्रस्तावना पत्र अनुसार यस क्षेत्रका सहकारी संस्थाले विदुर नगरपालिकाको सम्पूर्ण क्षेत्रलाई ओगटेको देखिन्छ । यसले आफ्ना सदस्यहरूको सामाजिक, आर्थिक र शैक्षिक उत्थानको लागि विभिन्न आयमुलक, रोजगारमूल्क, सीप प्रविधि र सूचना आदि प्रदान गर्दै आएको देखिन्छ ।

तिमिल्सीना (सन् २०१३) काअनुसार तनहुँ जिल्लाको व्यास नगरपालिका मा सञ्चालिन साना किसान विकास कार्यक्रमले त्यहाँका समान आर्थिक, सामाजिक, शैक्षिक स्थिति भएका संघको गठन, निर्माण र निर्णय गर्नमा आत्मबल बढाउन सकारात्मक योगदान पुऱ्याएको थियो । त्यसैगरी शुद्ध खानेपानी सम्बन्धी टोल सरसफाई, गोबर ग्याँस, स्वास्थ्य शिक्षा सम्बन्धी आधारभूत तालिमहरूको स्थानिय किसानहरू आर्थिक रूपमा सक्षम हुनुका साथै समूहको माध्यमबाट समुदाय विकासको लागि सामाजिक कार्यक्रम गर्न सक्षम भएका थिए ।

बम (२०७२) काअनुसार सुन्दरबजार नगरपालिका लमजुङ्ग जिल्लामा रहेको बचत तथा ऋण सहकारी संस्थाले त्यहाँका स्थानिय बासिन्दाहरू सहकारीमा संलग्न भएपछि ६३.७७ प्रतिशतले सहकारीबाट ऋण लिएको पाइयो भने सहकारीमा सलग्न भएपछि ५९.५६ प्रतिशत बालबालिका निजी स्कुलमा पढाएको पाइएको छ । यसबाट के स्पष्ट हुन्छ भने सहकारीमा संलग्न भएपछि व्यवसायी सदस्यका २ गुणभन्दा बढी बालबालिकाहरू निजी विद्यालयमा पढाएको पाइएको छ ।

अर्याल (२०७२) काअनुसार साना किसान विकास सहकारी संस्थाले स्थानीय कृषकहरूको आर्थिक अवस्थामा पारेको प्रभाव शिर्षकमा गरेको अध्ययनका अनुसार धादिङ जिल्लाको भूमिस्थान गा.वि.स. मा संचालित साना किसान सहकारी संस्था लि. ले छोटो समयमा नै सदस्य संख्या वृद्धि, वचत संकलन र ऋण प्रवाहमा वृद्धि गराउनुका साथै धेरै मात्रामा महिलाहरूलाई समेट्न सफल भएको थियो । सहभागी किसानहरूमा सरसफाईमा वृद्धि, सानो सुखी परिवार बनाउने प्रवृत्तिमा र आधुनिक उपचार गर्ने प्रवृत्ति मा तुलनात्मक रूपले विकास हुनुका साथै साक्षरतामा पनि वृद्धि भएको थियो । सहभागी किसानहरूलाई सस्तो ब्याजदरमा संस्थागत साख सुविधा उपलब्ध गराएकोले उत्पादनमुलक कार्यमा सक्रिय भई बढी आम्दानी गर्न सक्षम भएका र सिपमूलक तालिमले रोजगारीमा वृद्धि भएको र किसानहरू दुरूपयोग रोक्ने कार्यमा सक्रिय हुँदै आएको पाइयो । यस कार्यक्रममा समूह निर्माण समय समयमा बैठक बस्नुपर्ने, बचत गर्नुपर्ने बाध्यता, सामूहिक र व्यक्तिगत जमानत जस्ता कारणले पद्धतिगत जटिलताहरू रहेको पाइएता पनि समग्रमा यस कार्यक्रमले स्थानीय साना किसानहरूमा सकरात्मक प्रभाव परेको थियो ।

## २.३ पूर्व अध्ययनको समिक्षाको प्रस्तुत अध्ययनमा प्रभाव (Implications of the Review for the Study)

पौडेल (२०६३) काअनुसार नेपालको ग्रामीण अर्थतन्त्रको विकासमा साना किसान सहकारी संस्थाको भूमिका : आनन्दवन सहकारी संस्था एक अध्ययन शिर्षकमा त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत सामाजशास्त्र विषयको शोधपत्रमा साना किसान संस्थागत विकास, कार्यक्रमको समग्र अध्ययन गरेका छन् । अर्थमन्त्रालय, (२०३८) काअनुसार शताब्दीयौ देखि विकासको राष्ट्रिय मूलधारबाट पछाडि पारिएका महिला, दलित, जनजाति, आदिवासी पिछडावर्ग, भूमिहिन किसान, विपन्न, मुसलमान, मधेसी जस्ता वर्ग समुह, समुदाय र दुर्गम क्षेत्रलाई सहकारीको माध्यमबाट उत्पादन शक्तिमा रूपान्तरण गरिने छ ।

ओझा (२०६४) लेविरेन्द्र नगरपालिकामा रहेका सहकारी संस्थाका सदस्यको सामाजिक र आर्थिक अवस्थाको सिंहावलोकन शिर्षकमा गरिएको अध्ययनमा साना किसान तथा व्यवसायीहरू एक आपसमा बसेर अन्तरक्रिया गर्ने, समस्या र भावना साटासाट गर्ने वातावरण बनेको छ । अधिकारी (२०६७) लेसहकारी संस्थाले समुदायमा पारेको आर्थिक

तथा शैक्षिक प्रभाव शिर्षकमा गरेको अध्ययनका अनुसार, सहकारी संस्थामा संलम्न भएका सदस्यहरूको औसत आम्दानीमा कुल खर्च २० प्रतिशत खर्च सहकारीको आम्दानीले पुरा गरेको, चर्को व्याजदरमा साहुमहाजनबाट लिने ऋण भन्दा सहकारीबाट लिइने ऋणको मात्रा वृद्धि हुँदै गएको छ ।

कृषि विकास बैंक (२०६४) काअनुसार चौथो पञ्चवर्षिय योजना (२०२७/०२८-२०३१/०३२) मा सहकारी संस्थालाई सुदृढिकरण गरी निदिष्ट रूपमा सञ्चालन गर्ने कार्यक्रम अन्तर्गत संस्थाको व्यवस्थापन ऋण दिने संस्था र कृषि विकास बैकले गर्ने र केहि संस्थाको व्यवस्था भयो । राष्ट्रिय सहकारी विकास गोष्ठीको प्रतिवेदन (२०४७) ले सहकारीको इतिहासलाई अवलोकन गर्दा सुरुको सहकारी बैंक र त्यसपछिको भूमि सुधार संस्थालाई कृषि विकास बैंकमा गाभिएकाले एउटा कृषि विकास बैंकले उक्त रकमहरू फिर्ता गर्नुपर्ने सरकारी नीति हुनुपर्दछ । यदि त्यसो नभए दोस्रो उपाय महासंघ आत्म निर्भर हुन र साझा संस्थाको पुन स्थापना गर्नुपर्दछ ।

तिमिल्सीना (२०७०) काअनुसार सहकारी ऐन २०४८ र नियमावली २०४९ आएपछि नेपालमा सहकारीको विकासले राज्यबाट केही पाएको अनुभूति गर्न पाए पनि त्यसको कार्यान्वयन भने पुरानै परम्पराको छ । ऐनले परिकल्पना गरेका सहकारी विकास बोर्ड राष्ट्रिय सहकारी संघ तथा अन्य विषयगत सहकारिता संघ लगायत विभिन्न निकाय मूलतः राजनीति अस्थिरताको प्रभावमा परिरहे । कोइराला (२०६६) काअनुसार सहकारी संस्था राष्ट्रको आर्थिक, सामाजिक, शैक्षिक विकासमा अपरिहार्यता शिर्षकको अध्ययनमा सहकारी प्रत्येक वर्ग, समुदाय र क्षेत्रका व्यक्तिलाई सामुहिक भावनाका साथ व्यक्तिगत उन्नति प्रगतिका अगाडि ढाउने लक्ष्य बोकेको विशुद्ध सामाजिक संस्था हो भनी उल्लेख गरिएको छ ।

## २.४ अनुसन्धान अन्तर (Research Gap)


सरकारी संस्थामा संलग्न व्यक्तिहरूको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव विश्लेषण सन्दर्भमा यस भन्दा अगाडि थुप्रै अध्ययन अनुसन्धान सम्पन्न भएका छन् । पूर्व साहित्यको समीक्षामा प्रयोग भएका अनुसन्धानका उद्धेश्यहरू पनि सहकारीमा संलग्न परिपवारको आर्थिक, सामाजिक जनजीवनमा पारेको प्रभावको अध्ययन गर्ने, सहकारीमा आबद्ध र त्यससँग सम्बन्धित पक्षका विविध अवस्थाको अध्ययन गर्ने सँग सम्बन्धित थिए । त्यसैगरी

सहकारी विभाग, नेपालमा कृषि मन्त्रालय र अन्य विद्वानहरूले गर्ने अध्ययनका प्रतिवेदनहरूमा पनि सहकारीको महत्वमाथि जोड दिएको पाइन्छ ।

यस अध्ययनलाई यस अघिका अनुसन्धान भन्दा केही भिन्न र पृथक बनाउने योजना अनुरुप यो अध्ययनमा सहकारीमा संलग्न व्यक्तिहरूको मात्र अध्ययन गरिएको छ । यस अघिका अध्ययन अनुसन्धानको विधि र निष्कर्षलाई मार्गनिर्देशनको रुपमा लिदैँ यस अनुसन्धान मार्फत लमजुङ्गको मध्यनेपाल नगरपालिकामा देउराली बहुउद्देश्यीय सहकारी संस्थामा आबद्ध ९०० बाट ४८२ घरपरिवारको सहकारी संस्थाले शैक्षिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव खोतल्ने जमर्को गरिएको छ ।

## २.५ अवधारणात्मक ढाँचा (Conceptual Framework)


सहकारी संस्थामा संलग्न भई ऋण लिई व्यवसाय गर्ने व्यवसायी सदस्यहरूको आर्थिक स्थिति तथा उनीहरूका बालबीलिकाहरूको शैक्षिक अवस्थाको अवधारणात्मक ढाँचा यस प्रकार रहेको छ ।




स्रोतः बम, २०७२

## २.६ कार्यात्मक ढाँचा (Functional Framework)

यस अध्ययनको लागि प्रयोग गरिएको कार्यात्माक ढाँचा यस प्रकार छ ।



# अध्याय : तीन (CHAPTER–THREE)

## ३. अध्ययनको विधि र प्रक्रिया (Method and Procedure of the Study)

यस अध्यायमा अनुसन्धानको क्रममा प्रयोग गरिने अनुसन्धान ढाँचा, तथ्याङ्कको स्रोत जनसंख्या र नमुना छनोट, तथ्याङ्क संकलनका साधनहरू, तथ्याङ्क संकलनका विधिहरू निम्न अनुसार विभिन्न शिर्षकहरूमा प्रस्तुत गरिएको छ ।

### ३.१ अध्ययनको ढाँचा (Research Design)

यो अध्ययन व्याख्यात्मक तथा विश्लेषणात्मक ढाँचामा आधारित छ । यसको लागि गुणात्मक र सङ्ख्यात्मक पद्धति अवलम्बन गरी तथ्याङ्कको सङ्कलन गरिएको थियो । लमजुङ्ग जिल्लाको मध्यनेपाल नगरपालिका वडा नं. ७ मा अवस्थित देउराली बहुउद्देश्यीय सहकारी संस्थाले आवद्ध स्थानीय शेयर सदस्यहरूको आर्थिक स्थिति तथा उनीहरूको बालबालिकाको शैक्षिक क्षेत्रमा पारेको प्रभावको अध्ययनको लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्कको संकलन सहकारीका अध्यक्ष, कर्मचारी र संलग्न सदस्यहरूलाई नमुना छनोट गरी अन्तर्वार्ता, प्रश्नावलीको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । द्वितीय तथ्यांकको संकलन पनि विभिन्न स्रोतबाट संकलन गरी तिनीहरूको विश्लेषण तालिका, स्तम्भचित्र र वृत्तचित्र द्वारा प्रस्तुत गरिएको छ ।

### ३.२ तथ्याङ्कका संकलनका स्रोतहरू (Sources of Data)

अध्ययनमा प्राथमिक तथा द्वितीय तथ्याङ्क प्रयोग गरिएको छ । उक्त तथ्याङ्कका स्रोतलाई यस प्रकार उल्लेख गरिएका छ ।

#### ३.२.१ प्राथमिक तथ्याङ्क (Primary Data)

प्राथमिक तथ्याङ्कका स्रोतको रूपमा यस अध्ययन क्षेत्रका उत्तरदाता सदस्यहरू रहेका छन् । यो अध्ययनमा लमजुङ्ग जिल्ला मध्यनेपाल नगरपालिका वडा नं. ७ मा अवस्थित देउराली बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष, कर्मचारी र संलग्न सदस्यहरू नै प्राथमिक तथ्याङ्कका स्रोतहरू हुन् ।

### ३.२.२ सहायक तथ्याङ्क (Secondary Data)

अध्ययन कार्यलाई प्रभावकारी बनाउन द्वितीय तथ्याङ्कमा स्रोतहरूका रूपमा कृषि विकास बैंक, केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय योजना आयोग, राष्ट्रिय सहकारी विकास वोर्ड, साना किसान विकास परियोजना लमजुङ्ग, मध्यनेपाल नगरपालिका कार्यालय र देउराली बहुउद्देश्यीय सहकारी संस्थाको केन्द्रीय कार्यालय, सहकारी विधानबाट प्रकाशित तथा अप्रकाशित सामग्री तथा सूचनाहरू लिइएको छ ।

## ३.३ जनसङ्ख्या, नमूना आकार र नमुना छनौट रणनिती (Population, Sample Size and Sampling Strategy)

यस अध्ययनका लागि जनसंख्या र छनौट गरिएको नमूनाको आकार तथा छनौट प्रकृया यस प्रकार उल्लेख गरिएको छ ।

### ३.३.१ जनसङ्ख्या (Population)

प्रस्तुत अध्ययन लमजुङ्ग जिल्लाको मध्यनेपाल नगरपालिका वडा नं. ७ मा रहेको यस सहकारीमा आवद्ध सदस्यहरू ९०० रहेका छन् । उक्त सहकारीमा सञ्चालक समितिका अध्यक्ष १ र सहकारीमा आवद्ध कर्मचारी १२ जना गरी जम्मा ९१२ यस अध्ययनको जनसङ्ख्या रहेको छ ।

### ३.३.२ नमूना आकार (Sampling Size)

यस सहकारीका आवद्ध ९०० जना सदस्यबाट ४७० जना सदस्यहरू अर्थात् ५२.२२ प्रतिशत, १२ जना कर्मचारीबाट १२ जना अर्थात् १०० प्रतिशत गरी जम्मा ९१२ जनाबाट ४८२ जना अर्थात् ५२.८५ प्रतिशत अध्ययनको नमुना आकार हो ।

### ३.३.३ नमूना छनोट रणनीति (Sampling Strategy)

१. यस अध्ययनमा लमजुङ्ग जिल्लाको मध्यनेपाल नगरपालिकालाई उद्देश्यमूलक नमूना छनोट विधिको आधारमा छनोट गरिएको छ । किनकी यस क्षेत्रमा सहकारी सम्बन्धी कुनै पनि अध्ययन अनुसन्धान नभएकोले यस क्षेत्रमा नमुनाको रूपमा अध्ययनका लागि छनोट गरिएको छ ।

२. यस अध्ययनमा मध्यनेपाल नगरपालिकामा वडा नं. ७ मा रहेको देउराली बहुउद्देश्यीय सहकारी संस्थालाई उद्देश्य मूलक नमुना विधिको आधारमा छनोट गरिएको छ किनभने यो सहकारी संस्थामा सबैभन्दा बढी शेयर सदस्य भएको मध्यनेपाल नगरपालिकाको नमुना सहकारी भएकोले यसलाई छनौट गरेको हो ।

३. देउराली बहुउद्देश्यीय सहकारीको अध्यक्षलाई उद्देश्य मूलक नमूना छनोट विधिको आधारमा छनोट गरिएको छ ।

४. यस अध्ययनमा मध्यनेपाल नगरपालिकाको देउराली बहुउद्देश्यीय सहकारीमा संलग्न ९०० सदस्यहरू मध्ये अध्यक्षको छनोट भइसकेकोले बाँकी रहेको ८९९ सदस्यहरूबाट सामान्य सम्भावना युक्त नमुना छनोट विधि अन्तर्गत चिठ्ठा प्रणालीबाट ४६९ अर्थात् ५२.१६ प्रतिशतलाई छनोट गरिएको छ ।

५. देउराली बहुउद्देश्यीय सहकारीमा कार्यरत १२ जना कर्मचारीलाई समगणना विधि (Census Method) को आधारमा १२ जना अर्थात् सत प्रतिशतलाई छनोट गरिएको छ ।

## ३.४ अध्ययन क्षेत्र (Study Area)

नेपालको पश्चिमाञ्चल विकासक्षेत्र अन्तर्गत पर्ने गण्डकी अञ्चल भित्रको लमजुङ्ग जिल्लाको मध्यनेपाल नगरपालिका वडा नं. ७ मा अवस्थित देउराली बहुउद्देश्यीय सहकारी संस्थाका बारेमा अध्ययन गरिएको छ ।

## ३.५. तथ्याङक संकलनका औजारहरू (Tools of Data Collection)

अनुसन्धानको लागि आवश्यक तथ्याङ्क संकलन गर्न निम्न साधनको प्रयोग गरिएको छ ।

### ३.५.१ प्रश्नावली (Questionnaire)

अध्ययनलाई पूर्णता प्रदान गर्नका लागि प्रश्नावलीको प्रयोग गरिएको छ । प्रश्नावलीको प्रयोग सहकारी संस्थामा संलग्न भएपछि सदस्यहरूको शैक्षिक अवस्था, आर्थिक अवस्था, आम्दानी खर्च, पेशा व्यवसाय आदिका बारेमा सुचना संकलनको गरिएको छ । साथै उनीहरूका बालबालिकाहरूको शैक्षिक अवस्थाका बारेमा तिनै व्यवसायी सदस्यहरूसँग प्रश्नावलीको माध्यमबाट तथ्यांक सकंलन गरिएको छ । सहकारी संस्थाको अध्यक्षलाई तयार पारिएको प्रश्नावली अनुसुची १ मा सहकारीमा संलग्न कर्मचारीका लागि तयार पारिएको

प्रश्नावली अनुसुची २ मा र सहकारीमा संलग्न सदस्यहरूका लागि तयार पारिएको प्रश्नावली अनुसुची ३ मा राखिएको छ ।

### ३.५.२ अवलोकन फारम (Observation Form)

यस अध्ययनको उद्देश्यलाई पुरा गर्न अध्ययनकर्ता स्वयम् सहकारी संस्थामा संलग्न भएका अध्ययनमा समावेश भएका सदस्यहरूको घरघरमा प्रत्यक्ष गएर उनीहरूले गर्ने पेशा, खर्च, आम्दानीका स्रोतहरू तथा अन्य आर्थिक क्रियाकलाप साथै बालबालिकाहरूको शैक्षिक अवस्था आदिको तथ्याङ्क सङ्कलनका लागि अवलोकन फारम तयार गरिएको थियो । जसको नमूना अनुसुची ४ मा देखाइएको छ ।

### ३.५.३ छलफल निर्देशिका (Discussion Guide)

यस देउराली बहुउद्देश्यीय सहकारी संस्थामा संलग्न सदस्यहरूको आम्दानीका स्रोतहरू, लगानीका क्षेत्रहरू, आर्थिक तथा शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदानका साथै यसका कमजोरी र यसलाई अझ प्रभावकारी बनाउन गर्नुपर्ने उपायहरूको संकलनको लागि कार्य समितीका पदाधिकारी एवं नमुना छनौटमा परेका शेयर सदस्यहरूहरूसँग छलफल गरी आवश्यक तथ्याङ्क संकलन गर्न छलफल निर्देशिका तयार गरिएको थियो । जसको नमूना अनुसूची ५ मा राखिएको छ ।

## ३.६ तथ्याङ्क संकलनका तरिकाहरू (Technqiues of Data Collection)

यस अध्ययनका लागि तथ्याङ्क संकलन गर्न निम्न विधिहरूको प्रयोग गरिएको छ ।

### ३.६.१ अन्तर्वार्ता (Interview)

यस अध्ययनमा प्राथमिक तथ्याङ्क संकलन गर्नका लागि प्रविधिको रूपमा अर्न्तवार्ता अन्तर्गत प्रत्यक्ष मौखिक अन्तर्वार्ता **(Direct Oral Interview)** विधिलाई प्रयोग गरिएको छ । यसमा अनुसन्धानकर्ताको स्वयम् उपस्थितिमा उत्तरदातासँग आमने सामुन्ने बसेर प्रश्नहरू सोधी उत्तर संकलन गरिएको थियो । जसअर्न्तगत सहकारीको वर्तमान अवस्था, लगानीका क्षेत्रहरू तथा शेयर सदस्यहरूको आर्थिक र शैक्षिक अवस्थाबारे जानकारी प्राप्त गरिएको छ ।

### ३.६.२ प्रत्यक्ष अवलोकन (Direct Observation)

यस अध्ययनको उद्देश्य परिपूर्तिको लागि आवश्यक पर्ने तथ्यांक संकलन गर्नका लागि अध्ययनकर्ता आफै अध्ययन क्षेत्रमा गएर अवलोकन गरिएको छ । सहकारीमा संलग्न सदस्यहरूको घरमा गई उनीहरूले गर्ने पेशा, व्यवसाय, तथा बालिबालिकाहरूको शैक्षिक अवस्था कस्तो छ ? आदि बारेमा प्रत्यक्ष अवलोकन गरिएको छ ।

### ३.६.३ लक्षित समुह छलफल (Foucused Group Discussion)

सहकारी संस्थाले यसमा संलग्न सदस्यहरूको आर्थिक र शैक्षिक क्षेत्रमा पारेको प्रभाव सहकारीको वर्तमान अवस्था, ऋण लगानी, नीति, व्याजदर प्रणाली, कर्जा शिर्षक लगायतका विषयवस्तुका सम्बन्धमा जानकारी प्राप्त गर्न सहकारीका सदस्यहरूको प्रतिनिधि ७ जना अध्यक्ष सहित र २ जना कर्मचारी प्रतिनिधिहरूसँग बसी छलफल निर्देशिकामा तयार पारिएको बुँदाहरूमा केन्द्रित रही लक्षित समूह छलफल गरिएको थियो । (पूर्व जानकारी) दिएर मिति २०७४ असार २५ गते दिनको २ बजे सहकारी संस्थाको कार्यालयमा सञ्चालन गरिएको थियो । अध्ययन कर्ता उपस्थिती रहेको थियो । अध्ययन कर्ता स्वयंले कार्यक्रम सञ्चालन गरेकाले सहभागीले दिएका उत्तरका मूख्य बुदाहरू टिपोट गर्ने पुस्कर गुरागांइको सहयोग लिइएको थियो ।

## ३.७ तथ्याङ्कको व्याख्या र विश्लेषण तरिका (Data Analysis Interpretation Procedures)

यस अध्ययनका क्रममा विभिन्न विधि तथा तथ्याङ्क संकलनका साधनहरू प्रश्नावली, अन्तर्वार्ता, छलफलबाट आवश्यक तथ्याङ्क सूचना तथा जानकारीहरू संकलन गरिएको छ । उक्त संकलन गरिएका तथ्याङ्कलाई व्यवस्थित तरिकाले शीर्षक अनुसार तालिका, रेखाचित्रहरू प्रस्तुत गरिनुका साथै आवश्यकता अनुसार तथ्याङ्कलाई स्तम्भ चित्र, पाइ चार्टमा प्रस्तुत गरिएको छ । उक्त तथ्याङ्कलाई विश्लेषणात्मक तथा परिमाणात्मक विधिद्वारा अध्ययनको निष्कर्ष निकालिएको छ ।

# अध्याय चार (CHAPTER–FOUR)

## ४. तथ्याङ्कको प्रस्तुतीकरण तथा विश्लेषण (Analysis of Data and Interpretation of the Result)

कुनै पनि समुदायमा उत्पन्न समस्याहरूको व्यवहारिक समाधानको उपाय पत्ता लगाउन सम्बन्धित तथ्याङ्क मह□वपूर्ण हुन्छ । प्रारम्भिक रूपमा संकलित कोरा तथ्याङ्कहरूबाट कुनै पनि सूचना व्यक्त नहुने हुँदा तथ्याङ्कको विश्लेषण गर्नुपर्ने हुन्छ । यस अध्यायमा अध्ययनका प्रमुख उद्देश्य पुरा गर्नको लागि प्राप्त तथ्याङ्कको आधारमा विभिन्न बुँदाहरूमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

## ४.१ अध्ययन क्षेत्रको परिचय (Introduction of the study Area)

### ४.१.१ लमजुङ्ग जिल्लाको परिचय (Introduction of Lamjung District)

देशलाई संघियताको ढाँचामा लगिसके पछि ७ प्रदेशमा विभाजन गरिएको छ । नेपालको वर्तमान राजनीतिक र प्रशासनिक विभाजनका हिसाबले लमजुङ्ग जिल्ला प्रदेश नं. ४ साविकको गण्डकी अञ्चलमा पर्दछ । वेशीशहर सदरमुकाम रहेको यस जिल्लालाई विगतको निर्वाचन प्रणालीमा दुईवटा निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । साविकका ६१ वटा गा.वि.स. लाई राज्य पूर्नसंरचना पश्चात् ४ वटा नगरपालिका र ४ वटा गाउँपालिका गरी ८ वटा स्थानीय तहमा सिमित गरिएको छ । ८ वटा स्थानीय तह रहेको यस लमजुङ्ग जिल्लामा ७५ वटा वडाहरू रहेका छन् । नव नेपालका निर्माता स्वं वडामहाराजधिराज पृथ्वीनारायण शाहले आफ्नो नेतृत्व र नेपाली जनताहरूको सहयोगमा नेपालको निर्माण गरेका थिए । घले र शाहवंशीय राजाहरूको ऐतिहासिक परम्परा र शासन लमजुङमा सञ्चालित थियो । राष्ट्रकवि माधवप्रसाद घिमिरे, भूगोलविद् डा. हर्क गुरुङ, एनआरयनका अध्यक्ष शेष घले जस्ता ऐतिहासिक व्यक्तिहरूलाई लमजुङले हुर्काएको थियो । दर्जनौं हिम श्रृङखला, आधा दर्जन नदीहरू र विभिन्न प्रकारको हावापानी पाइने यो जिल्ला पृथ्वी नारायण शाहले भने झैं “चार जात छत्तिस वर्णको फूलवारी हो” । यहाँ रहेको लमजुङ कालिकाको मन्दिर, लमजुङ दरबार, इशानेश्वर महादेव मन्दिर, दूधपोखरी, इलमपोखरी, घले गाउँ, भुजूङ, काउलेपानी होम स्टे आदि नेपालमा मात्र चर्चित नभई विश्वमा प्रसिद्ध छन् ( जि.स.स., २०७४) ।

### ४.१.२ भौगोलिक अवस्था र सिमाना (Geographical Situation and Boundry)

पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने गण्डकी अञ्चललाई पहाडी जिल्लाको रुपमा परिचित छ । लमजुङ जिल्ला २८°०३’१९” उत्तरी अक्षांसदेखि २८°३०’३८” उत्तरी अक्षांस तथा ८४°११’२३” पूर्वी देशानतरदेखि ८४°३८’१०” पूर्वी देशान्तरदेखि अवस्थित यस जिल्ला कुल क्षेत्रफल १६९२ वर्ग कि.मि. (१६९२००) हेक्टर रहेको छ । पूर्व तथा उत्तरमा हिमाली जिल्लाहरू गोरखा तथा मनाङबाट अनि पश्चिम तथा दक्षिणबाट पहाडी जिल्लाहरू कास्की तथा तनहुँबाट घेरिएको छ यो जिल्ला आकारका हिसाबले उत्तरमा केही फुकेको तथा दक्षिणमा केही साँघुरिएको करिब करिब वर्गाकार यो जिल्ला नेपालको करिब करिब मध्यभागमा अवस्थित छ । गण्डकी नदीको एक प्रमुख सहायक नदी मर्स्याङ्दीदेखि ऐतिहासिक महत्व बोकेको चेपे नदीसम्मबाट सिचित यस जिल्लाभित्र ठूला र मझौला गरी १३ वटा नदी तथा खोलाहरू बहेक छन् । नदी र खोलाहरूका अतिरिक्त यस जिल्लामा केही चर्चित तालसहित केही पोखरीहरूसमेत रहेका छन् । यहाँ रहेका तालहरू बराहपोखरी तथा दूधपोखरी पर्दछन् भने पोखरीहरूमा इलमपोखरी, मेमेपोखरी रहेका छन (जि.वि.स., लमजुङ २०७२) ।

### ४.१.३ राजनैतिक विभाजन र जनसङ्ख्या (Political Division and Population)

नेपालको वर्तमान राजनीतिक र प्रशासनिक विभाजनका हिसाबले लमजुङ जिल्ला पश्चिमाञ्चल विकास क्षेत्र, गण्डकी अञ्चलअन्तर्गत पर्दछ । बेसीशहर सदरमुकाम रहेको यो जिल्लालाई दुईवटा निर्वाचन क्षेत्रमा वर्गीकरण गरिएको छ । निर्वाचन क्षेत्र नं. १ मा पाँचवटा र क्षेत्र नं. २ मा छवटा इलाका गरी जिल्लाभरिमा कुल ११ वटा इलाका रहेका छन् । प्रतिइलाका ५ देखि ७ वटा गा.वि.स. मिलेर यी ११ वटा इलाका गठन भएको छ । जसअन्तर्गतका ५ इलाकामा २९ गा.वि.स. र निर्वाचन क्षेत्र नं. २ अन्तर्गतका ६ इलाका ३२ गा.वि.स. समेटिएका छन् । राष्ट्रिय जनगणना, २०६८ को नतिजा अनुसार यस जिल्लाको जनसङ्ख्या १६७७२४ छ । यसमध्ये ९१८११ (५४.७ प्रतिशत) महिला र ७५९१३ (४५.३ प्रतिशत) पुरुष छन् । वि.सं. २०५८ को जनगणनाअनुसार यस जिल्लाको जनसङ्ख्या १७७१४९ रहेको थियो । यस आधारमा हेर्दा एक दशकको अवधिमा जिल्लाको कुल जनसङ्ख्या ९४२५ ले गिरावट आएको देखिन्छ । प्रतिवर्गकिलोमिटर क्षेत्रफलमा औषत ९९ जनसङ्ख्याको बसोबास रहेको छ (जि.वि.स. लमजुङ २०७२) ।

### ४.१.४ धर्म, जाति र भाषा (Religion, Races and Languages)

राष्ट्रिय जनगणना २०६८ अनुसार लमजुङ जिल्लाको जनसङ्ख्यालाई धर्म जाति र भाषाका आधारमा निम्न अनुसार देखाइएको छ ।

**तालिका ४.१**

**लमजुङ जिल्लाको जातजाति अनुसारको जनसङ्ख्या, २०६८**

| क्र.सं. | जातजाति | जनसङ्ख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १. | गुरुङ | ५३९५३ | ३२.१७ |
| २. | क्षेत्री | २६३०५ | १५.६८ |
| ३. | ब्राह्मण | २५१४० | १४.९९ |
| ४. | कामी | ११९८२ | ७.१४ |
| ५. | तामाङ | ११८६५ | ७.०७ |
| ६. | सार्की | ७८८६ | ४.७० |
| ७. | नेवार | ६३२८ | ३.७ |
| ८. | दमाई | ५४८३ | ३.२७ |
| ९. | घर्ती | ३५४१ | २.११ |
| १०. | मगर | ३५१९ | २.१० |
| ११. | दुरा | ३१७० | १.८९ |
| १२. | कुमाल | १४२१ | ०.८५ |
| १३. | सन्यासी | १२६२ | ०.७५ |
| १४. | मस्लिम | १०२३ | ०.६२ |
| १५. | अन्य | ४८४६ | २.८९ |
| जम्मा | | १६७७२४ | १०० |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८ ।

जिल्लामा वि.सं. २०६८ को जनगणना अनुसार कुल जनसङ्ख्याको ३२.१७ प्रतिशत सहित गुरुङ जातिको बाहुल्यता रहेको छ भने दोस्रो र तेस्रो स्थानमा क्रमशः क्षेत्री र बाह्मण जातिको जनसङ्ख्या रहेको छ जुन क्रमशः १५.६८ प्रतिशत र १४.९९ प्रतिशत रहेको छ । यस आधारमा कुल जनसङ्ख्यामा गुरुङ, क्षेत्री तथा बाह्मण जातिको कुल जनसङ्ख्यामा बहुमत अर्थात् ६२.८४ प्रतिशत रहेको छ । चौथो, पाँचौ र छैठौ स्थानमा रहेका

जातजातिमा क्रमशः कामी, तामाङ तथा सार्की रहेका छन्, कुल जनसङ्ख्यामा यी जातिमा हिस्सा क्रमशः ७.१४ प्रतिशत, ७.०७ प्रतिशत र ४.७ प्रतिशत रहेको छ । एक प्रतिशत भन्दा कम जनसङ्ख्या रहेका जातजातिमा क्रमशः कुमाल, सन्यासी तथा मुस्लिम रहेका छन् । बाँकी जनसांख्यिक हिस्सा नेवार, दमाई, अन्य, घर्ती, मगर र दुर जातिको रहेको छ ।

**तालिका ४.२**

**लमजुङ जिल्लाको भाषा अनुसारको जनसांख्यिक संरचना, २०६८**

| क्र.सं. | भाषा | जनसङ्ख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १. | नेपाली | ९०३६७ | ५५.८५ |
| २. | गुरुङ | ५३९५३ | ३२.१७ |
| ३. | तामाङ | १०७८० | ६.४३ |
| ४. | नेवारी | ५१०० | ३.०४ |
| ५. | मगर | ३१९५ | १.९० |
| ६. | मुस्लिम | १०२३ | ०.६१ |
| | कुल | १६४४१८ | १०० |

**स्रोत : राष्ट्रिय जनगणना, २०६८**

कुल जनसङ्ख्यामा नेपाली भाषीको बहुमत (५५.८५ प्रतिशत) रहेको छ भने दोस्रो स्थानमा गुरुङ भाषीको सङ्ख्या रहेको छ जुन ३२.१७ प्रतिशत छ । यी दुई भाषीले कुल जनसङ्ख्या ८८ प्रतिशतभन्दा बढी हिस्सा ओगटेका छन् । यसपछि लमजुङ जिल्लामा बोलिने भाषाभाषिमा तामाङ, नेवारी, मगर र मुस्लिम रहेका छन् । दुरा, कुमाललगायतका जातिले आफ्नो भाषा बोल्ने गरेको पाइदैन ।

### ४.१.५ हावापानी र सामाजिक जनजीवन (Atmosphere and Social Lifestyle)

लमजुङ जिल्लामा समुद्र सतहबाट ३८५ मिटर अग्लो स्थानमा रहेको रम्घादेखि विश्वका ८,००० मिटरभन्दा अग्ला १४ अग्ला हिमालमध्येमा पर्ने ८,१६२ मिटर अग्लो मनास्लु हिमालसम्म अवस्थित छ । उचाइगत भिन्नताको यस अधिकताका कारण लमजुङ जिल्लामा नेपालभरि पाइने प्रायः सबै किसिममा जलवायु पाइन्छ । लमजुङ जिल्ला पर्यटकीय स्थलको रुपमा देखिन्छ । जिल्लाका प्मुख व्यापारिक एकाइको वृद्धि बेसीशहर एकाइ, सुन्दरबजार एकाइ, उदिपुर एकाइ, भोटेवडार एकाइ, राइनासटार एकाइ, भोर्लेटार एकाइ, खुदी एकाइ,

दुईपिप्ले सोती पसल एकाइको रुपमा मानिएको छ । यहाँको अन्य जातिहरूको पेशा कृषि र पशुपालन रहेको छ (जि.वि.स., २०६८) ।

### ४.१.६ शिक्षा र स्वास्थ्यको अवस्था (Status of Education and Health)

वि.सं. २००५ मा औपचारिक शिक्षाको प्रारम्भ भएको लमजुङमा वि.सं. २०१८ मा दुराडाँडाको सर्वोदय हाइस्कुलले पहिलो पटक एस.एल.सी. मा विद्यार्थी पठाउन सफल रह्यो । यो नै जिल्लाको पहिलो माध्यमिक विद्यालय हो । (हाल (२०७०) सालमा जिल्लामा ५४ मा.वि., २२ उ.मा.वि., ३२ नि.मा.वि., २७६ प्रा.वि. गरी ३८४ सामुदायिक विद्यालयहरू छन् । यस जिल्लामा उच्च शिक्षा अध्ययन गर्ने छात्र छात्राहरूको लागि क्याम्पस तथा उ.मा.वि. हरू खोलिएका छन् ।

स्वास्थ्य मानव जातिको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिक विना राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ । लमजुङ जिल्लामा ५० शैया क्षमताका १ वटा अस्पताल र निजी क्षेत्रमा १५ शैया क्षमताको ४ वटा अस्पताल रहेका छन् । घरदैलोमा स्वास्थ्य सेवा गर्ने नीति बमोजिम १३ वटा स्वास्थ्य चौकीहरू, ४५ वटा उपस्वास्थ्य चौकीहरू, १ जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, ७ वटा आयुर्वेद औषधालय, १ वटा सामुदायिक स्वास्थ्य इकाइ, १७१ गाउँघर क्लिनिक, १९७ वटा खोप क्लिनिक, ६६९ जना महिला स्वास्थ्य स्वयम्सेविका र ७५ वटा निजी मेडिकल हलहरू सञ्चालनमा छन् ।

### ४.१.७ यातायातको सुविधा (Transportation Facility)

लमजुङ जिल्लाको सडक निर्माणको काममा जिल्ला विकास समिति, गा.वि.स.हरू तथा सडक विभाग मुलरुपमा संलग्न भएको देखिन्छ । जिल्ला सडक मूल सञ्जालके कुल लम्बाई ३८९ कि.मि. रहेको छ भने ग्रामीण सडक मूल सञ्जालको कुल लम्बाइ ३९५.४४ कि.मि. देखिन्छ । जिल्लामा निर्मित सडक सञ्जालको अधिकांश हिस्सा धुले सडक रहेको छ भने जिल्ला सडक मूल सञ्जालको ३०० कि.मि. ग्राभेल सडक रहेको देखिन्छ (स्रोत जिल्ला सडक यातायात गुरुयोजना, २०७०) ।

## ४.२ मध्यनेपाल नगरपालिकाको परिचय (Introduction of MadhyaNepal Municipality)

लमजुङ्ग जिल्लामा विद्यमान ६१ गा.वि.स. हरू मध्ये भोर्लेटार, ईशानेश्वर, करापु र वाङ्ग्रे गा.वि.स. लाई मिलाएर करापुटार न.पा. र जिता, सूर्यपाल, तान्द्राङटक्सार र रम्घा गा.वि.स. लार्य मिलाएर मध्यनेपाल न.पा. गठन गरिएको थियो । वि.सं. २०७३ फागुन २२ गतेको नेपाल सरकारको निर्णय अनुसार देशभर ७४४ स्थानीय तह कायम गर्ने तय भयो । यसैका परिणाम स्वरुप साविक करापुटार न.पा. र मध्यनेपाल न.पा. सहित नेटा गा.वि.स. लाई मिलाएर मध्यनेपाल नगरपालिका गठन भयो । स्व. डा. हर्क गुरुङको शोधपत्रका अनुसार नेपालको मध्यभाग यही नगरपालिकामा पर्दछ (न.पा. प्रोफाइल, २०७४) ।

## ४.३ सहकारी संस्थाको परिचय (Introduction of NMC)

सहकारी सिद्धान्त र मान्यतालाई आत्मसात गर्दै स्थानीय स्तरमा छरिएर रहेको स-साना पूँजीलाई एकत्रित गरी संस्थाका सदस्यहरूलाई उत्पादनशील एवम् व्यवसायिक कार्यको लागि सरल एवम् सुलभ् तरिकाले ऋण प्रदान गरी सदस्यहरूको आर्थिक तथा सामाजिक स्तर वृद्धि गर्ने लक्ष्यका साथ मध्यनेपाल नगरपालिका जनताहरूको पहलमा वि.सं. २०६७ सालमा देउराली बहुउद्देश्यीय सहकारी संस्थाले वि.सं. २०६७ साल देखिनै वचत तथा ऋण प्रदान गर्ने कार्यक्रमको शुरुवात गरेको थियो । यस संस्थाको कार्यलय मध्यनेपाल नगरपालिका वडा नं. ७ मा रहेको छ । यस संस्थाले हाल आफ्नो कार्यक्षेत्रका सम्पूर्ण सदस्यहरूलाई ऋण तथा वचत सेवा र सचेतना सेवाहरू उपलब्ध गराउँदै आएको छ । यसका साथै यस संस्थाले रेमिटको कार्य पनि गर्दै आएको छ । यस संस्थामा हाल १५७६ जना शेयर सदस्यहरू रहेका छन् । यस संस्थाको आम्दानीको मुख्य स्रोत व्याज, सेवा, शुल्क, आदि रहेको छ । यस संस्थामा सदस्य भई साला खाला दैनिक साप्ताहिक तथा मासिक रूपमा आफ्नो क्षमता अनुसारको रकम जम्मा गर्न सकिन्छ (स्थगत अध्ययन सर्वेक्षण, २०७२) ।

### ४.३.१ उद्देश्यहरू (Objectives)

सदस्यहरूको आर्थिक, सांस्कृतिक र वैयक्तिक क्षमता विकास सदस्य समुदायको सामाजिक विकास समेतलाई ध्यानमा राखी स्थापना भएको सहकारी संस्थाको उद्देश्यहरू सर्वेक्षण गर्दाको समयमा यस प्रकार रहेको पाइयो ।

१. सदस्यहरूमा स्वावलम्वन्वन, तथा एक्यवद्धताको भावना विकासगरी सदाचार, नैतिकता तथा पारस्परिक सहयोग तर्फ उन्मुख गराउने ।

२. सदस्यहरू भित्र सीमित रही वचत परिचालन गर्ने ।

३. वचत परिचालन गर्दा सदस्यहरको व्यक्तिगत क्षमता विकास तथा उनीहरूको उत्पादन, व्यवसाय, पेशाको अभिवृद्धिका लागि गर्ने ।

४. सदस्यहरूको प्राथमिक आवश्यकता र आय आर्जन पक्षलाई समायोजन गर्ने दृष्टिकोणले लगानी व्यवस्थापन गर्ने ।

५. सदस्य समुदायभित्र सामाजिक, सांस्कृतिक, शैक्षिक स्वास्थ्य, पर्यावरण संरक्षण सम्बन्धी क्रियाकलाप गर्ने ।

६. नगदेवाली र पशुपालनमा लगानी गर्ने ।

### ४.३.२ कार्यहरू (Function)

१. सहकारीको मूल्य मान्यता र सिद्धान्तको आधारमा आचार संहित बनाई लागू गर्ने ।

२. छरिएर रहेको स्रोत र साधनहरूको एकीकृत र संगठित गर्ने ।

३. सदस्यहरू र संस्था बिचको अन्तर सम्बन्ध अभिवृद्धि गर्ने ।

४. शेयर सदस्यहरूमा वचत र लगानी गर्ने ।

५. वचत र लगानीलाई सरल र सुलभ बनाई सदस्यहरूको घरदैलोमा पुऱ्याउने ।

६. सदस्यहरूमा सूचना प्रविधिको सेवा उपलब्ध गराइ आय आर्जनको क्षमता अभिवृद्धि गराउने ।

७. सदस्यहरूमा थप शेयर विक्री गरी पूँजी बढाउने ।

## ४.४. नमूना छनोट सहकारीको वर्तमान अवस्था (Current Status of Sampled Co-operative)

नमूना छनोटमा परेको सहकारीको वर्तमान अवस्था अध्ययन यस अध्ययनको प्रमुख उद्देश्य रहेकाले यस सहकारी संस्था, पूँजीगत, दायित्व, नगदसम्पत्ति, लगानी ऋण दिने व्यवस्था, व्याजदर ऋण लगानी, भुक्तानी, वचत, आम्दानी र खर्चको अवस्थालाई तल छुट्टाछुट्टै उल्लेख गरी विश्लेषण गरिएको छ ।

### ४.४.१ संस्थाको पूँजीगत दायित्व (Capital Liabilties of Co-operative)

यस सहकारी संस्थाको आ.व. २०७१/०७२ मा कुल दायित्व तथा पूँजी रु. ११,६९,४६,७१५.४५ रहेको पाइयो भने आ.व. २०७२/०७३ मा कुल दायित्व तथा पूँजी रु. १४,९८,५०,३४०.३९ रहेको पाइयो जसलाई शेयर पूँजी, जगेडा कोष अन्य कोष निक्षेप दायित्व र भुक्तानी दिनुपर्ने अन्य दायित्व शीर्षकमा निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.३**

**देउराली सहकारी संस्थाको दायित्व तथा पूँजीगत विवरण, २०७१/७१-२०७२/७३**

| क.सं. | दायित्व तथा पूँजी | आ.व. २०७१/०७२ (रु.) | आ.व. २०७२/०७३ (रु.) | औसत वार्षिक रकम (रु) मा |
|---|---|---|---|---|
| १ | शेयर पूँजी | ५७०८२४७.०० | ८१८०२२०.०० | ६९४४२३३.५ |
| २ | जगेडा कोष | २३९४२६०.१० | ४९६८९९१.१५ | ३६८१६२५.६२५ |
| ३ | अन्य कोषहरू (कजा जोखिम कोष) | ५७९१८३.०० | ८८५९८०.०० | ७३२५८१.५ |
| ४ | निक्षेप दायित्व | ५९६६४००७.१० | ८६८७५५४२.२४ | ७३२६९७७४.६७ |
| ५ | भुक्तानी दिनुपर्ने | ४६४१२४४.७६ | ५२२११६४.२८ | ४९३१२०४.५२ |
| ६ | अन्तरशाखा सापटी | ४०६०४३७२.०० | ३९३४२९०३.०० | ३९९७३६३७.५ |
| ७ | नाफानोक्सान | ३३५८००१.४९ | ४३७५२३९.७२ | ३८६६६२०.६०५ |
| ८ | कर्जा धरौटी हिसाब | ४००.०० | ३००.०० | ३५०.०० |
| | जम्मा | ११६९४६७१५.४५ | १४९८५०३४०.३९ | १३३४०००२८.२ |
| औषत वार्षिक दायित्व तथा पूँजी | | | | १३३४०००२८.२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

माथिको तालिका अनुसार शेयर पूँजी आ.व. २०७१/०७२ मा रु ५,७०८,२४७.०० रहेको थिया भने आ.व. मा रु ८,१८०,२२०.०० पुगेको छ । त्यसैगरी जगेडा कोष आ.व.:.

२०७१/०७२ मा रु २,३९४,२६०.१० थियो भने आ.व. २०७२/०७३ मा रु ४,९६८,९९१.१५ रहेको पाइयो भने अन्य कोषमा आ.व. २०७१/०७२ मा रु ५,७९,१८३.०० थियो भने २०७१/०७२ मा रु ८८५,९८०.०० रहेको पाइयो । त्यसैगरी निक्षेप दायित्व २०७१/०७२ मा रु ५९६६४०००.१० थियो भने २०७२/०७३ मा बढेर रु ८६,८७५,५४२.०० रहेको पाइयो । यसरी नै भुक्तानी दिनुपर्ने अन्य दायित्व र नाफा नोक्सान बढ्दै गएको पाइयो अन्तर शाखा सापटी र कर्जा धरौटी हिसाब घट्दै गएको पाइयो ।

यस सहकारी संस्थाको औसत पुंजीगत दायित्वमा शेयर पूँजीमा रु. ६९,४४,२३३.५ जगेडा कोष रु ३,६८१,६२५.६२५ अन्य कोषहरूमा रु ७,३२,५८१.५, निक्षेप दायित्वमा रु ७३२६९७७४.६७ र भुक्तानी दिनुपर्ने अन्य दायित्व रु ४९३१२०४.५२ रहेको पाइयो । त्यसैगरी अन्तरशाखा सापटी रु ३९९७३६३७.५, नाफा नोक्सान रु ३८६६६२०.६०५ कर्जा धरौटी हिसाब रु ३५०:०० रहेको पाइयो । औषत वार्षिक पूँजीगत दायित्व रु १३३४०००२८.२ रहेको पाइयो ।

### ४.४.२ नमूना छनौट सहकारीको नगद सम्पत्ति (Assets of Sampled Co-operative)

यस सहकारी संस्थाको आर्थिक वर्ष २०७१/०७२ मा जम्मा रु ११६,९४६,७१५.४५ र आर्थिक वर्ष २०७२/०७३ मा रु १४९८५०३४०.३९ जम्मा सम्पत्ति रहेको पाइयो । यस सहकारीको नगद सम्पत्तिको रूपमा नगद मौज्दात, बैंक मौज्दात, लगानीमा रहेको कर्जा पाउनुपर्ने, हिसाब, घरजग्गा तथा स्थिर सम्पत्ति र अन्तरशाखा सापटी गरी विभिन्न शीर्षक रहेको पाइयो । जुन निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.४**
**देउराली सकारी संस्थाको सम्पत्ति तथा जायजेथा विवरण**

| क्र.सं. | दायित्व तथा पूँजी | आ.व. २०७१/०७२ | आ.व. २०७२/०७३ |
|---|---|---|---|
| १ | नगद मौज्दात | २६,२९,३१८.०० | १९,२५,३२६.०० |
| २ | बैंक मौज्दात | ४५,६१,४४१.६१ | ५२,३२,३५७.५६ |
| ३ | लगानीमा रहेमको कर्जा | ५,७६,१८,२७६.०० | ८,८५,९७,९९८.०० |
| ४ | पाउनुपर्ने हिसाब | २,५००.०० | - |
| ५ | घरजग्गा तथा स्थिर सम्पत्ति | ३३,१७,२४७.०० | ३,१८,५३६.०० |
| ६ | अन्तरशाखा सापटी | ४,८८,१७,९३२.८४ | ५,०९,११,१२२.८३ |
| | जम्मा | ११,६९,४६,७१५.४५ | १४,९८,५०,३४०.३९ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

यस सहकारी संस्थाको आ.व. २०७१/०७२ मा नगद मौज्दात रु २६२९३१८.०० रहेको थियो भने आ.व. २०७२/०७३ मा नगद मौज्दात भने कम रु १९२५३२५.०० मात्र रहेको पाइयो तर बैंक मौज्दात भने आ.व. २०७१/०७२ मा ४५६१४४१.६१ थियो भने आ.व. २०७१/७२ मा रु ६७०९१५.९५ ले वृद्धि भएको पाइयो । त्यसैगरी लगानीमा रहेको कर्जा आ.व. २०७१/०७२ मा रु ५७६१८२७६.०० थियो भने आ.व. २०७२/०७३ मा रु ८८५९७९९८.०० रहेको पाइयो । यसरी नै घर जम्मा तथा स्थिर सम्पत्ति आ.व. २०७१/०७२ मा रु ३३१७२४७.०० रहेको पाइयो । आ.व. २०७१/०७२ मा अन्तरशाखा सापटी रु ४८८१७९३२.८४ आ.व. २०७२/०७३ मा रु २०९३१८९.०० ले बढेको पाइयो । आ.व. २०७१/०७२ र २०७२/०७३ को नगद मौज्दातलाई औसतमा रूपमा हेर्दा औसत जम्मा नगद सम्पत्ति रु २७३७८०९५६८.९४५ रहेको पाइयो ।

### ४.४.३ लगानीको क्षेत्रगत विवरण (Detial of Investment Area)

यस सहकारी संस्थाले आफ्नो शेयर सदस्यहरूलाई शिक्षा, व्यापार, सवारी, भवन, कृषि विपन्नवर्गलाई ऋण प्रदान गरेको पाइयो । यस सहकारी संस्थाले आ.व. २०७१/०७२ र २०७२/०७३ मा गरेको लगानी विवरण निम्न तालिकामा देखाइएको छ ।


**तालिका ४.५**
**देउराली सकारी लगानीको क्षेत्रगत विवरण**
**विवरण आ.व. २०७१/०७२ आ.व. २०७२/०७३**

| विवरण | आ.व. २०७१/०७२ | | आ.व. २०७२/०७३ | |
|---|---|---|---|---|
| | रकम (रु मा) | प्रतिशत | रकम (रु मा) | प्रतिशत |
| व्यापार | ४३५५१९४७.०० | ७५.५८ | ४७८७६२५४.०० | ६८.४१ |
| सवारी | २८६६०३२.०० | ४.९७ | २१८७०४८.०० | ३.१२ |
| शिक्षा | ३४३५६४१.०० | ५.९६ | ३९६९१७०.०० | ५.६७ |
| कृषि | ५५६९१२९.०० | ९.६६ | १४०८७८१३.०० | २०.१३ |
| भवन नि. | २१९५५२७.०० | ३.८१ | १४९९१५६.०० | २.१४ |
| विपन्न वर्ग | - | - | ३५९२४७.०० | ०.५१३ |
| जम्मा | ५७६१८२७६ | १०० | ६९९७८६८८ | १०० |
| औषत वार्षिक ऋण लगानी (२०७१/०७२) = १२७५९६९६४ ÷ २ वर्ष = ६३७९८४८२ | | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

माथिको तालिका ४.५ अनुसार सहकारी संस्थाले आफ्नो सदस्यहरूलाई दिदै आएको ऋण लगानीलाई आ.व. २०७१/०७२ र आ.व. २०७२/०७३ को क्षेत्रगत रूपमा देखाइएको छ । तालिका अनुसार आ.व. २०७१/०७२ र आ.व. २०७२/०७३ मा व्यापारमा क्रमशः रु ५७०८२४७.०० र रु ४७८७६२५४.०० रहेको पाइयो भने सवारीमा क्रमशः रु २८६६०३२.०० र रु २१८७०४८.०० रहेको पाइयो । त्यस्तै गरी शिक्षामा क्रमशः रु ३४३५६४१.०० र रु २१८७०४८.०० रहेको पाइयो भने कृषिमा क्रमशः रु ५५६९१२९.०० र रु १४०८७८१२.०० छ भने भवन निर्माणमा क्रमशः रु २१९५५२७.०० र रु १४९९१५६.०० रहेको पाइयो । आ.वं. २०७१/०७२ र आ.व. २०७२/०७३ दुई वर्षको क्षेत्रगत लगानीलाई हेर्दा औषत जम्मा लगानी रु ६,३७,९८,४८२ रहेको पाइयो ।

यसलाई वृत्तचित्रद्वारा यसरी देखाउन सकिन्छ :




### ४.४.४ सहकारीको वार्षिक आम्दानी (Annual Income of Cooperative)

यस सहकारी संस्थाले आफ्नो कार्य सञ्चालन गर्ने क्रममा विभिन्न क्षेत्रबाट आम्दानी गरेको पाइयो । यस संस्थाले आ.व. २०७१/०७२ र आ.व. २०७२/०७३ मा व्याज आय, प्रवेश शुल्क बैंक व्याज प्रवेश शुल्क, रेमिट आय विविध आम्दानी आदिबाट प्राप्त आम्दानीलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.६**

**देउराली बहुउद्देश्यीय सहकारी संस्थाको आम्दानी विवरण, २०७१/७२-२०७२/७३**

| क.सं. | विवरण | आ.व. २०७१/०७२ | | आ.व. २०७२/०७३ | |
|---|---|---|---|---|---|
| | | रकम (रु मा) | प्रतिशत | रकम (रु मा) | प्रतिशत |
| १ | ब्याज आय | ६०२०२०७.०० | ८८.८२ | ७९८०१३९.०० | ७९.०३ |
| २ | बैंक आय | ११०६८४.४५ | १.६३ | १५२०५८६.०० | १५.०५ |
| ३ | प्रवेश आय | ३२००.०० | ०.०४ | ८९००.०० | ०.०८ |
| ४ | रेमिट आय | ८५५००.०० | १.२६ | ३८०३७.०० | ०.३७ |
| ५ | खाता बन्दी शुल्क | ३३५८३.०० | ०.४९ | २१०५१.०० | ०.२० |
| ६ | विविध आम्दानी | १८६९०.०० | ०.२७ | २८०५४.०० | ०.२७ |
| ७ | निवेदन फारम | २३७५०.०० | ०.३५ | २५०००.०० | ०.२४ |
| ८ | सेवा शुल्क आ. | ४८१८४४.०० | ७.१० | ४७५१८०.०० | ४.७० |
| जम्मा | | ६७७७४५८.४५ | १००.०० | १००९६९४७ | १००.०० |
| औषत वार्षिक आम्दानी = ८४३७२०२.७२ | | | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

माथिको तालिका अनुसार यस सहकारीको आम्दानी विभिन्न क्षेत्रबाट प्राप्त गरेको पाइझो । आ.व. २०७१/०७२ मा जम्मा आम्दानी रु ६७७७४५८.४५ रहेकोमा व्याजबाट रु ६०२०२०७.०० रहेकोमा जम्मा आम्दानीको ८८.८२ प्रतिशत, बैंक आयबाट रु ११०६८४.४५ अथवा जम्मा आम्दानीको १.६३ प्रतिशत, रेमिट आय वाट रु ८५५००.०० जुन जम्मा आम्दानीको १.२६ पतिशत, प्रवेश शुल्कबाट ३२००.०० जुन जम्मा आम्दानीको ०.०४ खाताबन्दी शुल्कबाट रु ३३५८३.०० जुन जम्मा आम्दानीको ०.४९ प्रतिशत, विविध आम्दानीबाट रु १८६९०.०० जुन जम्मा आम्दानीको ०.२७ प्रतिशत निवेदन फारमबाट रु २३७५०.०० जुन जम्मा आम्दानीको ०.२५ प्रतिशत, सेवाशुल्क आम्दानीबाट रु ४८१८४४.०० जुन जम्मा आम्दानीको ७.१० प्रतिशत आम्दानी गरिरहेको पाइयो ।

आ.वं. २०७१/०७२ र आ.व. २०७१/७२ दुवै सबैभन्दा बढी आम्दानी व्याजदर प्राप्त भएको छ । समग्रमा हेर्दा जम्मा आम्दानीको २०७१/०७२ मा ८८.५२ प्रतिशत र आ.व. २०७२/०७३ मा ७०.०३ प्रतिशत आम्दानी व्याजबाट नै प्राप्त भएको पाइयो । माथिको तालिकामा दुवै आ.व. को जम्मा वार्षिक आयलाई २ ले भाग गरी औ.वा. आम्दानी रु ८४३७२०२.७२ रहेको पाइयो ।

### ४.४.५ सहकारीको वार्षिक खर्च (Annual Expenditure of Cooperative)

नमूना छनोटमा परेको सहकारीले गरेको आम्दानी विभिन्न शीर्षकमा खर्च गर्ने गरेको पाइयो । आ.व. २०७१/०७२ मा जम्मा रु २६,२४,६८४.४७ गरेको पाइयो । आ.व. २०७२/०७३ मा जम्मा रु ४१,२५,७७५.५५ खर्च गरेको पाइयो । यस संस्थाले कर्मचारी तलब भत्ता, घरभाडा, मसलन्द र अन्य कार्य सञ्चालनमा खर्च गरेको पाइएको छ । साथै आ.व. २०७१/०७२ को औषत वार्षिक खर्च तालिका ४.७ मा देखाइएको छ ।

**तालिका ४.७**

**देउराली बहुउद्देश्यीय सहकारीको खर्च विवरण**


| क.सं. | विवरण | आ.व. २०७१/०७२ | | आ.व. २०७२/०७३ | |
|---|---|---|---|---|---|
| | | रकम (रु मा) | प्रतिशत | रकम (रु मा) | प्रतिशत |
| १ | सेवा तथा महसुस | ४६३९७.०० | १.७६ | ५५१११.०० | १.३० |
| २ | कमचारी तलब/यातायात/पोशाक | ३१४६८४.०० | ११.९८ | ४९७५९१.०० | ११.७७ |
| ३ | घरभाडा खर्च | ८४९०५.०० | ३.२३ | ७४९८७.०० | १.७७ |
| ४ | मसलन्द खर्च | २४७७१.०० | ०.९४ | २१२६१.०० | ०.५० |
| ५ | अन्य | २१५३९२७.४७ | ८२.०६ | ३४७६८२५.५५ | ८४.६४ |
| जम्मा | | २६२४६८४.४७ | १००.०० | ४१२५७७५.५५ | १००.०० |
| औषत वार्षिक खर्च = ३३७५२३०.०१ | | | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

माथिको तालिका अनुसार यस सहकारी संस्थाले आ.व. २०७१/०७२ मा गरेको जम्मा खर्च रकम रु २६२४६८४.४७ मा सेवा तथा महसुल खर्च रु ४६३९७.०० अर्थात १.७६ प्रतिशत, कर्मचारी तलब भत्ता र पोशाकमा ११.९८ प्रतिशत, घरभाडा खर्चमा ३.२३ प्रतिशत, मसलन्द खर्च ०.९४ प्रतिशत अन्य ८२.०६ प्रतिशतले गरेको पाइयो । आ.व. २०७२/०७३ को जम्मा खर्च रकम रु ४१२५७७४.५५ मध्ये सेवा तथा महशुल खर्च रु ५५१११.०० अर्थात् १.३० प्रतिशत, कर्मचारी, तलब भत्ता र पोशाकमा ११.७७ प्रतिशत, घरभाडा १.७७ प्रतिशत, मसलन्द खर्च ०.५० प्रतिशत र अन्य खर्च ८४.६४ प्रतिशत गरेको पाइयो । तालिका दुईटै आ.व. को जम्मा सहकारीको वार्षिक खर्च जोडेर २ वर्षले भाग गरी औ.वा. खर्च रु ३३७५२३०.०१ रहेको पाइयो ।

## ४.५ संस्थाको संगठनात्मक अवस्था (Organizational Condition of Institution)

देउराली बहुउद्देश्यीय सहकारी संस्थाको संगठनात्मक चार्ट निम्नानुसार छ । यस सहकारी संस्था लि को माथिल्लो निर्णायकका रूपमा साधारण सभा रहने व्यवस्था रहेको पाइयो । विनिमय संशोधन, अन्य समितिको अन्तिम निर्णय गर्नका लागि वर्षमा १ पटक साधारण सभा बस्ने व्यवस्था पाइयो । यसका साथै सल्लाहकार समिति, लेखा समिति रहने व्यवस्था रहेको पाइयो । विभिन्न कार्य गर्नका लागि कामको प्रकृतिको आधारमा कार्य समिति, उपसमिति, ऋण समिति, आन्तरिक व्यवस्थापक, कर्मचारी, शिक्षा समिति, शेयर सदस्यहरू रहेको पाइयो । यसलाई तलका रेखाङ्कित चित्रद्वारा प्रस्तुत गरिएको छ ।




स्रोत : स्थलगत सर्वेक्षण २०७४ ।

### ४.५.१ नमूना छनौट सदस्यहरूको उमेर जातिगत र पेशागत विवरण (Age, Caste and Occupation of Sampled Members)

सहकारीको सदस्यता प्राप्त गरेका व्यक्तिहरूलाई सहकारीमा संलग्न भएका सदस्य भनिन्छ । यस क्रममा अध्ययन क्षेत्रमा रहेका सहकारीमा संलग्न भएका विभिन्न पेशामा आवद्ध सदस्यहरूलाई नमूना छनोटमा परेका सदस्यहरूको अध्ययन सर्वेक्षण गर्दाको समयमा रहेका उमेर समूह जातिगत विवरण र पेशागत विवरणलाई निम्न अनुसार देखाइएको छ ।

### ४.५.२ नमूना छनोटमा परेका सदस्यको उमेरगत विवरण (Agewise Details of Sampled Member)

नमूना छनोटमा परेका सहकारी संस्थामा संलग्न भएका ४७० जना सदस्यहरूको विभिन्न उमेर समूहमा विभाजन गरी अध्ययन गरिएको थियो । छनोटमा परेका सदस्यहरूलाई २० वर्ष भन्दा कम, २० देखि ३० वर्ष, ३० देखि ४०, ४० देखि ५० वर्ष र ५० वर्ष भन्दा माथिको उमेर समूहमा विभाजन गरी अध्ययन गरिएको थियो । अध्ययन सर्वेक्षण गर्दाको समयमा यी विभिन्न उमेर समूहका सदस्यहरूको उमेरगत विवरण निम्न तालिकामा देखाइएको छ ।

**ताकालि ४.८**

**नमूना छनौटको उमेरगत विवरण-२०७२**


| क.सं. | उमेर समूह (वर्ष) | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | २० भन्दा कम | १८ | २० | ३८ | ८.०८ |
| २ | २०-३० | ४० | ६४ | १०४ | २२.१२ |
| ३ | ३०-४० | ६४ | ९० | १५४ | ३२.७६ |
| ४ | ४०-५० | ७६ | ८४ | १६० | ३४.०४ |
| ५ | ५० भन्दा माथि | ० | १४ | १४ | २.९७ |
| जम्मा | | १९८ | २७२ | ४७० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

माथिको तालिका अनुसार नमुना छनोटमा परेका जम्मा ४७० जना सदस्यहरूमध्ये २० वर्ष भन्दा कम उमेर भएका महिला १८ जना पुरुष २० जना गरी जम्मा ३८ जना, २०-३० वर्ष

उमेर समूहका महिला सदस्य ४० जना पुरुष ६४ गरी जम्मा १०४ जना, ३०-४० वर्ष उमेर समूहका महिला सदस्य ६४ जना पुरुष ९० जना गरी १५४ जना, ४०-५० उमेर समूहका महिला सदस्य ७६ पुरुष ८४ जना गरी १६० जना र ५० वर्ष भन्दा माथिका उमेर समूहका महिला सदस्य ० जना, पुरुष १४ जना गरी १४ जना सदस्य रहेको पाइयो । यसलाई स्तम्भ चित्रद्वारा देखाउन सकिन्छ :

**स्तम्भ चित्र ४.३**




### ४.५.३ नमूना छनोटमा परेका सदस्यको जातिगत विवरण (Caste wise, Profile of Sampled Members)

अध्ययन क्षेत्रको रूपमा रहेका मध्यनेपाल नगरपालिकामा क्षेत्री जातिको बाहुल्यता रहेको छ । यसका साथै ब्राह्मण, क्षेत्री, गुरुङ्ग, मगर, आदिवासी, दलित तथा जनजातिहरूको बसोबास रहेको पाइयो । नमूना छनोटमा परेका सहकारीमा संलग्न भएका सदस्यहरूको अध्ययन सर्वेक्षण गर्दाको समयमा पाइएको जातिगत विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.९**

**नमूना छनोटमा परेका सदस्यको जातिगत विवरण, २०७३**

| क.सं. | जात | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ब्राह्मण/क्षेत्री | ५६ | ८४ | १४० | २९.७८ |
| २ | आ तथा जन | ५० | ७० | १२० | २५.५३ |
| ३ | दलित | ६० | ५० | ११० | २३.४० |
| ४ | अन्य | ३२ | ६८ | १०० | २१.२७ |
| जम्मा | | १९८ | २७२ | ४७० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

तालिका ४.९ अनुसार नमूना छनोटमा परेका जम्मा ४७० जना सदस्यहरू मध्ये ब्राह्मण, क्षेत्री महिला सदस्य ५६ जना पुरुष ८४ जना गरी जम्मा १४० जना रहेको पाइयो । त्यसैगरी जनजाति तथा आदिवासी महिला सदस्य ५० जना, पुरुष ७० जना गरी जम्मा १२० जना र दलित महिला ६०, पुरुष ५० गरी जम्मा ११० जना रहेको पाइयो त्यसैगरी मुस्लिम महिला ३२ पुरुष ६८ गरी जम्मा १०० जना रहेको पाइयो । जातिय रूपमा दलित महिलाको संख्या कम ८४ अन्य महिलाको संख्या बढी पाइयो ।

### ४.५.४ नमूना छनोटमा परेका सदस्यहरूको पेशागत विवरण (Occupational Profile of Sampled Members)

नमूना छनोटमा परेका सदस्यहरू विभिन्न पेशामा संलग्न रहेको पाइयो । यस्ता पेशाहरूमा कृषि व्यापार, नोकरी, मजदुरी चालक रहेको पाइयो । अध्ययन सर्वेक्षण गर्दाको समयमा नमूना छनोटको रूपमा भएका सदस्यहरूका पेशा सम्बन्धित विवरण निम्न तालिकाबाट देखाइएको छ ।

**तालिका ४.१०**

**नमूना छनौटमा परेका सदस्यहरूको पेशागत विवरण, २०७३**

| क.सं. | पेशा | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कृषि | ७८ | ६० | १३८ | २९.३७ |
| २ | व्यापार | ६० | ९० | १५० | २७.६५ |
| ३ | नोकरी | १८ | ४४ | ६२ | १३.१९ |
| ४ | चालक | – | २४ | २४ | ५.१० |
| ५ | मजदुरी | ४२ | ५६ | ९६ | २०.४२ |
| जम्मा | | १९८ | २७२ | ४७० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

तालिका ४.१० मा अध्ययन क्षेत्रका नमूना छनोटमा परेका सहकारीमा संलग्न भएका सदस्यहरूका पेशा सम्बन्धी अवस्थालाई हेर्दा सबैभन्दा बढी व्यापारमा संलग्न महिला ६० जना पुरुष ९० जना गरी जम्मा १५० जना रहेको पाइयो भने सबैभन्दा कम चालक वर्गमा महिला शुन्य र पुरुष सदस्य २४ गरी जम्मा २४ जना संलग्न रहेको पाइयो ।

### ४.५.५ पारिवारिक सदस्य संख्याहरू (Numbers of Family Members)

यस सहकारीका नमूना छनोटमा परेको सहकारीमा संलग्न तहगत सङ्ख्या, परिवार सङ्ख्या, सदस्य सङ्ख्या तथा औषत पारिवारिक सदस्य सङ्ख्या तालिकाबाट देखाइएको छ ।

**तालिका ४.११**

**नमूना छनौटमा परेका सदस्यहरूको पारिवारिक सदस्य संख्या, २०७३**

| क.सं. | तहगत संख्या | परिवार संख्या | सदस्य सङ्ख्या |
|---|---|---|---|
| १. | ३ | ३० | ९० |
| २. | ४ | ८० | ३२० |
| ३. | ५ | १२० | ६०० |
| ४. | ६ | ११० | ६६० |
| ५. | ७ | ९० | ६३० |
| ६. | ८ | ३० | २४० |
| ७. | ८ भन्दा बढी | १० | ९१ |
| जम्मा | | ४७० | २६०१ |
| औषत पारिवारिक सदस्य सङ्ख्या = २६०१ ÷ ४७० = ५.५३ | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

## ४.६ नमूना छनोटमा परेका सदस्यहरूको पारिवारिक आर्थिक अवस्था (Economic Status of Sampled Household Members)

यस अध्ययनको मुख्य उद्देश्य सहकारीमा संलग्न भएका सदस्यहरूको पारिवारिक आर्थिक अवस्थाको विश्लेषण गर्नु हो । यसका लागि तिनै सदस्यहरूको स्रोतको आधारमा वार्षिक आम्दानी तहगत पारिवारिक वार्षिक आम्दानी, क्षेत्रगत घरपरिवारको वार्षिक खर्च, वार्षिक बचत, तहगत घरपरिवारको वार्षिक बचत देखाइएको छ ।

### ४.६.१ स्रोतको आधारमा वार्षिक आम्दानी (Source Wise Annual Income)

नमूना छनोटमा परेका सदस्यहरूको परिवारको आम्दानीको प्रमुख स्रोतहरू व्यापार, कृषि, नोकरी, वैदेशिक रोजगारी मजदुरी आदि रहेका छन् । कुन कुन स्रोतबाट कति सङ्ख्यामा सदस्यहरूको आम्दानी प्राप्त गर्दछन् भन्ने कुरालाई तलको तालिकाद्वारा प्रष्ट पारिएको छ ।

**तालिका ४.१२**

**स्रोतका आधारमा नमूना छनौटमा परेका सदस्यहरूको वार्षिक आम्दानी, २०७३**

| क.सं. | विवरण | कुल आम्दानी रु.मा | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि | १०९५११७४.५५ | १९.३० |
| २ | व्यापार | १५५८७७२२.०० | २७.४८ |
| ३. | वैदेशिक रोजगार | २०७८८२०६.९८ | ३६.६५ |
| ४. | नोकरी | ७६३८५४०.१० | १३.४६ |
| ५. | सहकारीबाट | १७५३०५३.२९ | ३.०९ |
| जम्मा | | ५६७१८६९६.९२ | १०० |
| औषत वार्षिक पारिवारिक आम्दानी = १२०६७८.०७ | | | |
| औषत प्रति व्यक्ति वार्षिक आम्दानी = २१८०६.४९ | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

माथिको तालिका अनुसार कृषिबाट १९.३० प्रतिशत, व्यापार बाट २७.४८ प्रतिशत, वैदेशिक रोजागार बाट ३६.६५ प्रतिशत, नोकरीबाट १३.४६ प्रतिशत र अन्यबाट ३.०९ प्रतिशत आम्दानी गरिएको पाइयो । जम्मा आम्दानीलाई ४७० कुल परिवार सदस्य सङ्ख्याले भाग गरी औषत वार्षिक पारिवारिक आम्दानी रु १२०६७८.०७ र जम्मा आम्दानीलाई २६०१ सदस्य सङ्ख्याले भाग गरी औषत प्रति व्यक्ति वार्षिक आम्दानी रु २१८०६.४९ रहेको पाइयो ।

### ४.६.२ तहगत वार्षिक आम्दानी (Levelwise Annual Income)

नमूना छनोटमा परेका सहकारी सदस्यहरूको आम्दानी विवरणको स्थिति सम्बन्धमा प्रश्नावलीको माध्यमद्वारा अध्ययन गरिएको थियो । सहकारीमा संलग्न सदस्यहरूलाई ०-३००००, रु ३००००-५००००, रु ५००००-८००००, रु ८००००-१०००००, रु १०००००-१५००००, रु १५०००० भन्दा बढी

**तालिका ४.१३**

**सदस्यहरूको तहगत आम्दानीको अवस्था-२०७३**

| क.सं. | वार्षिक आम्दानी (रु) | घर परिवार | प्रतिशत |
|---|---|---|---|
| १ | ०-३०००० | १६ | ३.४० |
| २ | ३००००-५०००० | ११० | २३.४० |
| ३ | ५००००-८०००० | १८० | ३८.२९ |
| ४ | ८००००-१००००० | १२० | २५.५३ |
| ५ | १००००० भन्दा बढी | ४४ | ९.३६ |
| जम्मा | | ४७० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

माथिको तालिका अनुसार नमुना छनोटमा परेका सदस्यहरूको वार्षिक आम्दानी तहगत रूपमा प्रस्तुत गरिएको छ । सहकारीमा संलग्न सदस्यहरूले विभिन्न तहमा वार्षिक रूपमा आम्दानी गरेको पाइयो । रु ० देखि रु ३०,००० सम्म वार्षिक आम्दानी गर्ने १६ जना रु ३०,०००-५०,००० सम्म वार्षिक आम्दानी गर्ने रु ११० जना, रु ५०,००० देखि ८०,००० आम्दानी गर्ने १८० जना रु ८०,०००-१,००,००० सम्म आम्दानी गर्ने १२० जना रु १,००,००० भन्दा माथि आम्दानी गर्ने ४४ जना रहेको पाइयो । सबभन्दा बढी वार्षिक आम्दानी रु ५००००-८०००० सम्म १८० जनाले गरेको पाइयो ।

### ४.६.३ क्षेत्रगत वार्षिक खर्च (Sector wise Annual Expenditure)

नमूना छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरूको आफ्नो आम्दानीबाट उपभोग, शिक्षा, स्वास्थ्य, चाडपर्व र अन्य क्षेत्रमा खर्च गरेको पाइयो । सदस्यहरूलाई वर्षमा कुन कुन

क्षेत्रमा कति कति खर्च गर्नुहुन्छ भनि गरिएको अध्ययन अनुसार अध्ययन सर्वेक्षणबाट प्राप्त विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१४**

**नमूना छनौटमा परेका सदस्यहरूको क्षेत्रगत वार्षिक खर्च २०७२/०७३**

| क.सं. | विवरण | कुल रकम (रु) | प्रतिशत |
|---|---|---|---|
| १. | उपभोग | ६५४३२०१ | ३३.१२ |
| २. | शिक्षा | ४५११३३७ | २२.८३ |
| ३. | स्वास्थ्य | १५६०३८८ | ७८.९ |
| ४. | चाडपर्व | ५०४६२०८ | २५.५४ |
| ५. | अन्य | २०९४८३६ | १०.६० |
| | जम्मा | १९७५५९७० | १०० |
| औषत वार्षिक पारिवारिक खर्च = ४२०३३.९८ | | | |
| औषत वार्षिक प्रतिव्यक्तिको खर्च = ७५९५.५३ | | | |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

माथिको तालिका अनुसार सदस्यहरूको क्षेत्रगत खर्च यसप्रकार रहेको पाईयो । उपभोग खर्च रु. ६५,४३२०१ वा ३३.१२ प्रतिशत, शिक्षा क्षेत्रमा रु. ४५११३३७ वा २२.८३ प्रतिशत, स्वास्थ्य रु १५६०३८८ वा ७.८९ प्रतिशत, चाडपर्वमा रु ५०४६२०८ वा २५.५४ प्रतिशत र अन्यमा रु २०४६८३६ वा १०.६० प्रतिशत रहेको पाइयो । औषत वार्षिक पारिवारिक खर्च रु ४२०३३.९८ र औषत वार्षिक प्रतिव्यक्तिको खर्च रु ७५९५.५३ रहेको पाइयो । जम्मा वार्षिक खर्च रु १९७५५९७० लाई ४७० घरपरिवार सङ्ख्याले भाग गरी रु ४२०३३.९८ र रु १९७५५९७० लाई परिवारका सदस्य सङ्ख्या (२६०१) ले भाग गरी औं वार्षिक प्रतिव्यक्तिको खर्च रु ७५९५.५३ रहेको पाइयो ।

### ४.६.४ तहगत वार्षिक खर्च (Levelwise Annual Expenditure)

नमूना छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरूले विभिन्न तहमा खर्च गर्ने गरेको पाइयो । सदस्यहरूमध्ये आम्दानी कम हुनेले केही कम र आम्दानी बढी हुनेले केही बढी खर्च गर्ने गरेको पाइयो । छनोटमा परेका सदस्यहरूले गरेको वार्षिक तहगत खर्चलाई ० देखि रु ३०,००० सम्म रु ३०,००० देखि रु ५०,००० सम्म रु ५०,००० देखि रु ८०,००० सम्म रु ८०,००० देखि रु ,००,००० सम्म रु १,००,००० भन्दा माथि विभाजन

अध्ययन गरिएको थियो । अध्ययन सर्वेक्षण गर्दा विभिन्न तहमा खर्च गर्ने सदस्यहरूको वार्षिक तहगत खर्च तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१५**

**नमूना छनौटमा परेका सदस्यहरूको तहगत वार्षिक खर्च-२०७३**

| क.सं. | वार्षिक खर्च (रु) | घरपरिवार | प्रतिशत |
|---|---|---|---|
| १ | ०-३०००० | ३० | ६.३८ |
| २ | ३००००-५०००० | ६४ | १३.६१ |
| ३ | ५००००-८०००० | १५० | ३१.९१ |
| ४ | ८००००-१००००० | १२० | २५.५३ |
| ५ | १००००० भन्दा बढी | १०६ | २२.५५ |
| जम्मा | | ४७० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

माथिको तालिका अनुसार नमूना छनोटमा परेका सहकारीको सदस्यहरूले वार्षिक रूपमा रु ३०,००० सम्म खर्च गर्ने ३० जना, रु ३०,००० देखि रु ५०,००० सम्म खर्च गर्ने ६४ जना रु ५०,००० देखि ८०,००० सम्म खर्च गर्ने १५० जना, रु ८०,००० देखि रु १,००,००० सम्म खर्च गर्ने १२० जना रु १,००,००० भन्दा बढी खर्च गर्ने १०६ जना रहेको पाइयो । वार्षिक रूपमा सबभन्दा बढी रु ५०,००० देखि रु १,००,००० सम्म खर्च गर्ने ३१.९१ प्रतिशत रहेको पाइयो ।

### ४.६.५ वार्षिक वचतको अवस्था (Status of Annual Saving)

सहकारीमा संलग्न नमुना छनोटमा परेका सदस्यहरूले विभिन्न स्रोतबाट गरेको आम्दानी विभिन्न क्षेत्रमा खर्च गरी वचत गर्ने गरेको पाइयो । छनोटमा परेको ४७० जना सदस्यहरूले वार्षिक रूपमा गरेको जम्मा आम्दानीबाट खर्च कटाएर वार्षिक रूपमा गरेको वचतलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१६**

**नमूना छनौटमा परेका सदस्यहरूको वार्षिक वचतको अवस्था २०७३**

| क.सं. | जम्मा वार्षिक आम्दानी (रु.मा) | जम्मा वार्षिक खर्च ( रु.मा) | जम्मा वार्षिक वचत (रु.मा) |
|---|---|---|---|
| १. | ५६७१८६९६.९२ | १९७५५९७० | ३६९६२७२६.९२ |
| औषत वार्षिक पारिवारिक वचत = ३६९६२७२६.९२ ÷ ४७० = ७८६४४.०९ | | | |
| औषत वार्षिक प्रतिव्यक्ति बचत = ३६९६२७२६.९२ ÷ २६०१ = १४२१०.९६ | | | |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

माथिको तालिका ४.१६ अनुसार छनोटमा परेका ४७० जना सदस्यहरूले विभिन्न स्रोतबाट प्राप्त गरेको जम्मा वार्षिक आम्दानी रु. ५६७१८६९६.९२ बाट जम्मा वार्षिक खर्च रु. १९७५५९७० कटाएर जम्मा वार्षिक वचत रु. ३६९६२७२६.९२ गरेको पाइयो भने औषत वार्षिक पारिवारिक वचत रु. ७८६४४.०९ र औषत वार्षिक प्रतिव्यक्ति बचत १४२१०.९६ रहेको पाइयो ।

### ४.६.६ तहगत वार्षिक वचत (Levelwise Annual Saving)

नमूना छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरूले आफूले विभिन्न स्रोतहरूबाट प्राप्त गरेको आम्दानी विभिन्न क्षेत्रमा खर्च गरी वचत गरेको पाइयो । अध्ययन सर्वेक्षणको समयमा प्राप्त वार्षिक वचतको विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१७**

**नमूना छनौटमा परेका सदस्यहरूको वार्षिक वचतको अवस्था-२०७३**

| क.सं. | वार्षिक आम्दानी (रु) | घर परिवार | प्रतिशत |
|---|---|---|---|
| १ | ०-२०००० | २४ | ५.१० |
| २ | २००००-४०००० | ७० | १४.८९ |
| ३ | ४००००-६०००० | १९० | ४०.४२ |
| ४ | ६००००-८०००० | ९० | १९.१४ |
| ५ | ८००००-१००००० | ६० | १२.७६ |
| | १००००० भन्दा माथि | ३६ | ७.६५ |
| जम्मा | | ४७० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

तालिका ४.१७ अनुसार सहकारीमा संलग्न नमूना छनोटमा परेका सदस्यहरूको आफ्नो आम्दानीबाट खर्च कटाएर वचतको अवस्थालाई सङ्ख्यात्मक रूपमा देखाइएको छ । छनोटमा परेका सदस्यहरू मध्ये वार्षिक रु २०,००० सम्म वचत गर्ने २४ जना, रु २०,००० देखि रु ४०,००० सम्म वचत गर्ने ३६ जना रु ४०,००० देखि रु ६०,००० सम्म वचत गर्ने १९० जना, रु ६०,००० देखि रु ८०,००० सम्म वचत गर्ने ९० जना, रु ८०,००० देखि रु १,००,००० सम्म वचत गर्ने ६० जना, रु १,००,००० भन्दा बढी वचत गर्ने ३६ जना रहेको पाइयो । यसरी तालिका अनुसार सबैभन्दा बढी वार्षिक वचत गर्ने रु ४०,००० देखि रु ६०,००० हजारसम्म ४० प्रतिशतले वचत गरेको पाइयो । नमुना छनोटमा परेका घरपरिवारको बचतको अवस्था मध्यम स्तरको रहन गएको माथिको तालिकाबाट प्रष्ट हुन आउँछ ।

## ४.७ नमूना छनोटमा परेका सदस्यहरूको पारिवारिक शैक्षिक अवस्था (Family Educational Status of Sampled Member)

सहकारीमा संलग्न भएका सदस्यहरूको शैक्षिक अवस्था उनीहरूको पारिवारिक शैक्षिक अवस्था, उनीहरूको बालबालिकाहरूको शैक्षिक अवस्था, उनीहरूको पढ्ने विद्यालय (नीजि र सरकारी) को बारेमा अध्ययन गरिएको थियो । जसलाई छुट्टाछुट्टै शीर्षकमा देखाइएको छ ।

### ४.७.१ सदस्यहरूको शैक्षिक अवस्था (Educational Status of Membres)

नमूना छनोटमा परेका सदस्यहरूको शैक्षिक अवस्थालाई निरक्षर र साक्षरताको आधारमा अध्ययन सर्वेक्षण गरिएको थियो । निरक्षर साधारण पढ्न लेख्न नसक्ने, साक्षर भन्नाले औपचारिक शिक्षा प्राप्त नगरेता पनि प्रौढ शिक्षा पढेकाहरू वा सामान्य रूपमा पढ्न लेख्न सक्ने भएकालाई राखिएको थियो । जसलाई निम्न तालिकममा देखाइएको छ ।

**तालिका ४.१८**

**नमूना छनौटमा परेका सदस्यहरूको शैक्षिक अवस्था - २०७३**

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | ७० | १४.६६ |
| २ | साक्षर | ४१२ | ८७.३४ |
| जम्मा | | ४८२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

माथिको तालिका अनुसार नमूना छनोटमा परेका सहकारीमा संलग्न भएका सदस्यहरूको अध्ययन सर्वेक्षणको समयमा शैक्षिक अवस्थालाई निरक्षर र साक्षरको आधारमा देखाइएको छ । जसमा निरक्षर १४.६६ प्रतिशत र साक्षरता ८७.३४ प्रतिशत रहेको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने अध्ययन क्षेत्रमा शिक्षामा पहुँच पुगेको देखिन्छ ।

### ४.७.२ सदस्यहरूको तहगत शैक्षिक अवस्था (Levelwise Education Status of Members)

नमूना छनोटमा परेका सदस्यहरूको वर्तमान शैक्षिक अवस्थालाई निरक्षर, साक्षर, प्रा.वि., मा.वि. उच्च तहमा विभाजन गरी अध्ययन सर्वेक्षण गरिएको थियो । छनोटमा परेका सदस्यहरूको शैक्षिक अवस्थाको विश्लेषण गर्नु यस अध्ययनको उद्देश्य रहेको ४८२ जना सदस्यहरूको साक्षरता र निरक्षरता विभाजन गरी साक्षरताको पनि विभिन्न तहमा विभाजन गरी अध्ययन सर्वेक्षण गरिएको थियो । अध्ययन सर्वेक्षण गर्दाको समयमा सदस्यहरूको शैक्षिक अवस्थालाई तहगत रूपमा निम्न तालिकामा देखाइएको छ ।

**तालिका ४.१९**

**नमूना छनौटमा परेका सदस्यहरूको तहगत शैक्षिक अवस्था-२०७३**

| क.सं. | शैक्षिक तह | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | ७० | १४.५३ |
| २ | साक्षर | ९० | १८.६७ |
| ३ | प्रा.वि | १३० | २६.९६ |
| ४ | मा.वि. | १२० | २४.८७ |
| ५ | उच्च मा.वि. | ७२ | १४.९४ |
| जम्मा | | ४८२ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

माथिको तालिका अनुसार छनोटमा परेका सहकारीमा संलग्न भएका सदस्यहरूको शैक्षिक अवस्था देखाइएको छ । जस अनुसार निरक्षर ७० जना, साधारण लेखपद गर्न सक्ने साक्षर ९० जना, प्राथमिक तह उत्तर्णि गरेका १३० जना माध्यमिक तह उत्तीर्ण गरेका १२० जना र उच्च शिक्षा हासिल गरेका ७२ जना रहेको पाइयो । प्राथामिक तह उत्तीर्ण गरेको सबै भन्दा बढी २७.६५. प्रतिशत र सबैभन्दा कम निरक्षर १४.५३ प्रतिशत रहेको पाइयो ।

### ४.७.३ नमूना छनोटमा परेका सदस्यहरूको बालबालिकाह्रुको उमेरगत विवरण (Agewise Distributon of Children's of Sampled Members)

नमूना छनोटमा परेका सहकारीमा संलग्न भएका सदस्यहरूको बालबालिकाहरू जम्मा ९६० जना भएको पाइयो । विभिन्न उमेर समूहमा रहेको पाइयो । सहकारीमा संलग्न सदस्यहरूले बालबालिकाहरूलाई ५ वर्ष भन्दा कम, ५ देखि १०, १० देखि १५ वर्ष, १५ वर्ष देखि २० वर्ष, २० वर्ष देखि २५ वर्ष र २५ वर्ष भन्दा माथिको उमेर समूहमा विभाजन गरी उमेरगत विगवरण संकलन गरिएको थियो । अध्ययन सर्वेक्षण गर्दाको समयमा ४७० जना सदस्यहरूको बालबालिकाको उमेरगत विवरण निम्न तालिकामा देखाइएको छ ।

**तालिका ४.२०**

**नमूना छनौटमा परेका सदस्यहरूको बालबालिकाहरूको उमेरगत विवरण-२०७३**

| क.सं. | उमेर | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ५ वर्ष भन्दा कम | १२० | १२.५ |
| २ | ५-१० | १८० | १८.७५ |
| ३ | १०-१५ | २४० | २५ |
| ४ | १५-२० | २७० | २८.१२ |
| ५ | २०-२५ | ८० | ८.३३ |
| ६ | २५ भन्दा माथि | ७० | ७.२९ |
| जम्मा | | ९६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

तालिका ४.२० अनुसार नमूना छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरू ४७० को ९६० जना बालबालिकाहरू विभिन्न उमेर समूह रहेको पाइयो । जसमा ५ वर्ष भन्दा कम उमेरका १२० जना, ५ देखि १० वर्ष उमेर समूहका १८० जना, १० वर्ष देखि १५ वर्ष उमेर

समूहका २४७ जना बालबालिकाहरू रहेको थियो । जसमध्ये सबैभन्दा बढी १५ वर्ष देखि २० वर्ष उमेर समूहमा २८.१२ प्रतिशत र सबैभन्दा कम २५ वर्षभन्दा बढीमा ७.२९ प्रतिशत रहेको पाइयो ।

### ४.७.४ शैक्षिक अवस्था (Educational Status)

नमुना छनोटमा परेका स्थानीय सदस्यहरूको वर्तमानमा रहेको शैक्षिक अवस्थालाई साक्षर, निरक्षर, प्रा.वि., मा.वि., गरी विभाजन गरी अध्ययन सर्वेक्षण गरिएको छ । अध्ययन अनुसन्धान गर्दा प्राप्त शैक्षिक विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४.२१**

**नमूना छनौटमा परेका सदस्यहरूको शैक्षिक स्थिति**

| शैक्षिक तह | आवद्ध सङ्ख्या | |
|---|---|---|
| | सङ्ख्या | प्रतिशत |
| साक्षर | २१० | ४३.५७ |
| निरक्षर | ६० | १२.४५ |
| प्रा.वि. | १७५ | ३६.३१ |
| मा.वि. | ३७ | ७.६८ |
| **जम्मा** | **४८२** | **१००.००** |

स्रोत : अध्ययन सर्वेक्षण, २०७३

माथिको तालिकामा सहकारीमा आवद्ध भएका स्थानीय समुदायहरूको वर्तमान शैक्षिक अवस्थालाई देखाइएको छ । नमुना छनोटमा परेका समुदायहरूमा साक्षर ४३.५७ प्रतिशत, निरक्षर १२.४५ प्रतिशत, प्रा.वि. ३६.३१ प्रतिशत, मा.वि. ७.६८ प्रतिशत, रहेको पाइयो । सहकारीमा आवद्ध भएका समुदायहरूमा सबैभन्दा बढी साक्षर ४३.५७ प्रतिशत कम मा.वि. रहेको पाइयो । जसमा सहकारीमा आवद्ध भएका समुदायहरूको शैक्षिक स्थिति राम्रो रहेको देखिन्छ ।

### ४.७.५ नमूना छनौटमा परेका सदस्यहरूको बालबालिकाहरूको शैक्षिक अवस्था (Educational Condition of Childrens of Respondents)

यस सहकारीमा आवद्ध भएका सदस्यहरूको बालबालिकाहरूको शैक्षिक अवस्था निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२२**

**नमूना छनौटमा परेका सदस्यहरूको बालबालिकाहरूको शैक्षक अवस्था-२०७३**

| **विवरण** | **आवद्ध घरधुरी** | |
|---|---|---|
| | **सङ्ख्या** | **प्रतिशत** |
| सामुदायिक | ४०५ | ४२.१९ |
| निजी | ५५५ | ५७.८१ |
| **जम्मा** | **९६०** | **१००.००** |

स्रोत : अध्ययन सर्वेक्षण, २०७३

माथिको तालिकामा सहकारीमा आवद्ध भएका समुदाय घरधुरीहरूको शैक्षिक संस्थाको अवस्थालाई देखाइएको छ । नमुना छनोटमा परेका सहकारीमा आवद्ध घरधुरीमा सामुदायिक संस्थामा ४१.१९ प्रतिशत र निजी संस्थामा ५७.८१ प्रतिशत पठाएको पाइयो । सरकारी भन्दा निजी विद्यालयमा बढी केटाकेटी अध्ययन गरेको पाइयो । त्यसैले सहकारमिा आवद्ध घरधुरीहरूको शैक्षिक स्थिति राम्रो रहेको देखिन्छ ।

## ४.८ ऋण दिने व्यवस्था (Provision of Loan Advance)

यस सहकारी संस्थाको सदस्य बनिसकेपछि संस्थाले आफ्नो सदस्यहरूलाई ऋण दिँदा घरजग्गा धितो, वचत, शेयर, सामुहिक धितो वा जमानत, व्यक्तिगत धितो वा जमानतको अधिकारमा ऋण दिने गरेको पाइयो । यस संस्थाले विशेष गरेर व्यापार, कृषि, शिक्षा भवन निर्माण सवारी साधन जस्ता विभिन्न उद्देश्यको आधारमा ऋण दिने गरेको पाइयो ।

### ४.८.१ व्याजदर सम्बन्धित व्यवस्था (Provision of Interest Rate)

यस संस्थाद्वारा वितरण गरिने ऋण लगानीमा अधिकतम १ वर्षमा भुक्तान गरिसक्नु पर्ने व्यवस्था गरेको पाइयो । यस संस्थाद्वारा ऋण (लगानी) मा निम्नानुसारको व्याजदर निर्धारण भएको पाइयो । अन्तिम भाखामा एकमुष्ठ साँवा व्याज भुक्तानी गर्ने व्यवस्था पनि रहेको पाइयो । यदि कुनै सदस्यहरूद्वारा व्याज र साँवा समयमा भुक्तान गर्न नसकेमा पहिलो महिनामा निजले बुझाउनेपर्ने ऋण रकममा १ प्रतिशतले थप गरी अशुल गर्ने र छैटो महिनापछि ३० प्रतिशतले जरिवाना स्वरूप असूल उपर गरिने व्यवस्था रहेको थियो ।

**तालिका ४.२३**

**ऋण (लगानी) मा व्याजदरको व्यवस्था-२०७३**

| क.सं. | प्रयोजन | व्याजदर | भुक्तानी अवधि |
|---|---|---|---|
| १. | कृषि/उद्योग/व्यापार | १३ % | १ वर्ष |
| २. | आवाश/जग्गा/घर निर्माण | १३.५ % | १ वर्ष |
| ३. | शैक्षिक | १२ % | १ वर्ष |
| ४. | सामाजिक | १२ % | १ वर्ष |
| ५. | अल्पकालिन | १३ % | १ वर्ष |
| ६. | आवधिक निक्षेप धितोमा | १३.५ % | १ वर्ष |
| ७. | हायर पर्चेज (सवारी साधन) | १४ % | १ वर्ष |
| ८. | अन्य प्रयोजन | १४.५% | १ वर्ष |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

माथिको तालिका अनुसार यस संस्थाले वितरण गर्ने ऋण लगानीमा कृषि/व्यापार/उद्योग क्षेत्र तर्फ १३ प्रतिशत, आवाश जग्गा/घर निर्माण क्षेत्रमा १३.५ प्रतिशत, सामाजिक कर्जामा १२ प्रतिशत, शिक्षामा १२ प्रतिशत, अल्पकालिन, ऋणमा १३ प्रतिशत आवधिक निक्षेप धितोमा १३.५ प्रतिशत, हायर पर्चेज (सवारी) साधन मा १४ प्रतिशत र अन्य प्रयोजनका लागि १४.५ प्रतिशत व्याज संस्थाले लिने गरेका पाइयो ।

यस संस्थाले सदस्यहरूलाई वचतमा दिने व्याजदरलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका ४.२४**
**देउराली बहुउद्देश्यीय सहकारी संस्थाको ऋण (लगानीमा) मा व्याजदरको व्यवस्था-२०७३**

| क.सं. | प्रयोजन | भुक्तानी अवधि | ब्याजदर |
|---|---|---|---|
| १ | नियमित वचत | १ वर्ष | ८ % |
| २ | ऐच्छिक वचत | १८ महिने | ९ % |
| ३ | आवधिक वचत | १ र २ वर्ष | ११ % |
| ४ | आवधिक वचत | ३ वर्ष र ४ वर्षे | १२ % |
| ५ | आवधिक वचत | ५ वर्ष | १३ % |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

माथिको तालिका अनुसार यस सहकारी संस्थाले सदस्यहरूलाई नियमित १ वर्ष वचतमा ८% प्रतिशत, ऐच्छिक वचत १८ महिनेमा ९%, आवधिक बचत १ र २ वर्षे मा ११ प्रतिशत, आवधिक वचत ३ देखि ४ वर्षेमा १२ प्रतिशत र आवधिक ५ वर्षेमा १३ प्रतिशत व्याजदिने गरेको पाइयो । यसरी हेर्दावचत खाता सञ्चालन गरेतापनि पनि उल्लेख राम्रो व्याज दिने गरेको पाइयो ।

### ४.८.२ ऋण भुक्तानीको व्यवस्था (Provision of Loan Payment)

यस सहकारीद्वारा प्रदान गरिने ऋण कम्तिमा एक महिनादेखि बढीमा १ वर्ष सम्मको रहेको पाइयो । ऋणीले ऋण मासिक, त्रैमासिक वा अर्धवार्षिक रूपमा किस्तावदीको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था भएको पाइयो तर अल्पकालिन ऋण रकम मासिक किस्ता वन्दीको रूपमा भुक्तान गर्नुपर्ने व्यवस्था रहेको पाइयो । ऋण लिने सदस्यहरूले आफूले राखेको भाकामा एकै पटक सावा व्याज तिर्न चाहे एकै पटक तिर्न सक्ने व्यवस्था रहेको र यदि मासिक रूपमा व्याज भुक्तान गरी अन्तिम भखामा एकमुष्ट सावा व्याज भुक्तान गर्ने व्यवस्था पनि रहेको पाइयो । यदि कुनै सदस्यद्वारा व्याज र साँवा समयमा भुक्तान गर्न नसकेमा पहिलो महिनामा निजले बुझाउनुपर्ने ऋण रकममा १ प्रतिशतले थप गरी अशुल गर्ने र छैटो महिनापछि ३५ प्रतिशतले र १ वर्षभन्दा बढी भाखा नाघेकाको १०० प्रतिशतले जरिवाना स्वरूप असूल उपर गरिने व्यवस्था रहेको पाइयो ।

### ४.८.३ बचत विवरण (Saving Details)

यस संस्थामा संलग्न भएका सदस्यहरूले आ-आफ्नो क्षमता बमोजिमको रकम यस संस्थाको नियम अनुसार वचत गर्दछन् । यस सहकारी संस्थामा बचतकर्तालाई वचत गरेतापनि व्याज प्रदान गरिने व्यवस्था रहेको पाइयो । यस सहकारीमा संलग्न सदस्यहरूले जम्मा रु ११८२७४२० वचत गरेको पाइयो । यस संस्थामा रहेको विभिन्न निक्षेपमा रहेको बचतलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२५**

**देउराली बहुउद्देश्यीय सहकारी संस्थाको वचत तथा निक्षेप विवरण**

| क.सं. | निक्षेपको प्रकार | आ.व. २०७१/०७२ रकम (रु मा) | आ.व. २०७२/०७३ रकम (रु मा) |
|---|---|---|---|
| १ | क्रमिक वचत | १८७०००३५.०० | २०९३४३१० |
| २ | न्यून वचत | १०७७७०२.६३ | १३९८६५५.९८ |
| ३ | साधारण वचत | १०४३४१५५.०८ | १८३१३९८९.६३ |
| ४ | सहकारी वचत | ३८५०५१.८४ | ४६३४४५.३५ |
| ५ | सुपर सेभिङ्ग | ५००८५५६.५९ | ९४६९४००.२ |
| ६ | ज्येष्ठ नागरिक ब. | ४०४२२.६६ | ९०५५३३.७६ |
| ७ | महिला वचत | २३७८८५.८३ | ४९२६८३१.९२ |
| ८ | कर्मचारी/शिक्षक ब. | २३२०९२.२८ | ३१९८४०.२६ |
| ९ | मुद्दति बचत | ५८००००.०० | २९३२००० |
| जम्मा | | ३६६९५९०१.९१ | ५९६६४००७.१ |
| औषत वार्षिक बचत = ४८१७९९५४.५ | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

माथिको तालिका अनुसार आ.व. २०७१/०७२ र २०७२/०७३ को क्रमिक बचत रु १८७०००३५.०० र रु २०९३४३१०, आ.व. २०७१/०७२ को न्यून बचत रु १०७७७२.६३ र रु १३९८६५५.९८ रहेको पाइयो ।

यसरी नै आ.व. २०७१/०७२ को जम्मा वचत रु ३६६९५९०१.९० रहेको पाइयो भने आ.व. २०७२/०७३ को जम्मा वचत रु ५९६६४००७.१० रहेको पाइयो । दुइटै आ.व. को जम्मा निक्षेप जोडेर २ वर्षले भाग गरी औसत वार्षिक वचत रु ४८१७९९५४.५ रहेको पाइयो ।

### ४.८.४ ऋणका स्रोतहरू, ऋण लिनुको उद्देश्य र व्याजदर (Sources of loan, objective of loan acceptance and interest rate)

नमुना छनोटमा परेका सहकारीका संलग्न सदस्यहरूले सहकारीमा संलग्न भए पछिका ऋणका स्रोतहरू ऋण लिनुको उद्देश्य र व्याजदर सम्बन्धित प्रतिक्रियालाई तल उल्लेख गरिएको छ ।

### ४.८.५ नमूना छनोटमा परका सदस्यका लागि ऋणको स्रोत (Source of Loan for Sampled Member)

नमूना छनोटमा परका सदस्यहरूले विभिन्न स्रोतहरू ऋण लिने गरेको पाइयो । ऋणका स्रोतहरूमा सहकारी बैंक तथा विविध संस्था, साहुमहाजन र अन्य (छिमेकी, इष्टमित्र) रहेको पाइयो । उक्त सदस्यहरूको अध्ययन सर्वेक्षण गर्दाको समयमा प्राप्त ऋणको विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२६**

**नमूना छनौटमा परेका सदस्यहरूको ऋणको स्रोतको विवरण-२०७३**

| क्र.सं. | ऋणको स्रोत | सदस्य सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सहकारी | १८० | ३८.२९ |
| २ | बैंक तथा वित्तीय संस्थ | १६० | ३४.०४ |
| ३ | साहु महाजन | ७० | १४.८९ |
| ४ | अन्य (इष्टमित्र, छिमेकी) | ६० | १२.७६ |
| | जम्मा | ४७० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

माथिको तालिकामा अध्ययन क्षेत्रमा सहकारीमा संलग्न सदस्यहरूले ऋण लिने स्रोतको विवरण देखाइएको छ । सदस्यहरूले विभिन्न स्रोतबाट ऋण लिने गरेको पाइयो । सहकारी संस्थाबाट १८० जना बैंक तथा वित्तिय संस्थाबाट ऋण लिने १६० जना, साहु महाजनबाट

७० जना र अन्य (इष्टमित्र र छिमेकीबाट) ६० जनाले ऋण लिइएको पाइयो । सबैभन्दा बढी ऋण सहकारीबाट ३८.९९ प्रतिशतले ऋण लिएको पाइयो ।

### ४.८.६ ऋणका विभिन्न स्रोतका लागि व्याजदर (Interest Rate for Various Sources of Loans)

नमूना छनोटमा परेका सहकारीमा संलग्न भएका सदस्यहरूले यस संस्थामा संलग्न हुनु अ घि विभिन्न क्षेत्रबाट ऋण लिने गरेको पाइयो । ऋणको स्रोत अनुसार व्याजदरमा फरक पर्ने हुनाले सहकारी र अन्य स्रोतको व्याजदर सम्बन्धी व्यवस्थालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२७**

**नमूना छनौटमा परेका सदस्यहरूको ब्याजदर सम्बन्धी व्यवस्था-२०७३**

| क.सं. | ऋणको स्रोत | ब्याजदर (प्रतिशतमा) |
|---|---|---|
| १ | सहकारी | १४.५ |
| २ | बैंक तथा वित्तीय संस्था | २० |
| ३ | साहु महाजन | ३० |
| ४ | अन्य (इष्टमित्र, छिमेकी) | २४ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा परेका सहकारीमा संलग्न सदस्यहरूले सहकारी संस्थामा संलग्न हुनु भन्दा अघि विभिन्न स्रोतबाट ऋण लिने गरेको पाइयो । ऋणको स्रोत अनुसार व्याज दरमा फरक रहेको पाइएको छ। सहकारीमा संलग्न हुनुपूर्व बैंक तथा वित्तिय संस्थाबाट २० प्रतिशत साहुमहाजनबाट ३० प्रतिशत र अन्य (छिमेकी, इष्टमित्र) बाट २४ प्रतिशतमा ऋण लिने गरेको पाइयो भने सहकारीमा संलग्न भएपछि १४.५ पतिशतले ऋण लिने गरेको पाइयो ।

### ४.८.७ सहकारी संस्थाबाट ऋण लिनुको उद्देश्य (Objective of Loan Acceptance from Co-operation)

यस सहकारी संस्थाले व्यापार, शिक्षा, भवन निर्माण, कृषि, लघुउद्यम र वैदेशिक रोजगारका लागि ऋण दिने गरेको पाइयो । अध्ययन क्षेत्रका नमूना छनोटमा परेका सदस्यहरूले कुन

कुन उद्देश्यका लागि कतिले ऋण लिँदा रहेछन् भन्ने कुराको अध्ययनबाट प्राप्त तथ्याङ्कलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका ४.२८**

**देउराली बहुउद्देश्यीय सहकारी संस्थाको ऋण लिनुको उद्देश्य, सङ्ख्या र प्रतिशत - २०७३**

| क.सं. | ऋण लिनुको उद्देश्य | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | व्यापार | १२० | २५.५३ |
| २ | शिक्षा | ४० | ८.५१ |
| ३ | भवन निर्माण | ८० | १७.०२ |
| ४ | कृषि | ७० | १४.८९ |
| ५ | सवारी साधन | २० | ८.५१ |
| ६ | उपभोग खर्च | ५० | १०.६३ |
| ७ | वैदेशिक रोजगार | ५० | १०.६३ |
| ८ | अन्य | ४० | ८.५१ |
| जम्मा | जम्मा | ४७० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

तालिका ४.२८ अनुसार सहकारीमा संलग्न सदस्यहरूले विभिन्न प्रयोजनका लागि ऋण लिने गरेको पाइएको थियो । जसमध्ये व्यापारका लागि १२० जनाले, शिक्षामा ४० जनाले भवन निर्माणका लागि ८० जनाले, कृषिका लागि ७० जनाले सवारी साधन खरीदका लागि २० जनाले उपभोग खर्चका लागि ५० जनाले वैदेशिक रोजगारका लागि ५० जनाले र अन्य उद्देश्यले २० जनाले ऋण दिने गरेको पाइयो ।

### ४.८.८ नमूना छनोटमा परेका सदस्यहरूको व्याजदर सम्बन्धी प्रतिक्रिया (Response of Sampled Members about Interest Rate)

यस अध्ययन क्षेत्रमा रहेका सरकारी संस्था संलग्न सदस्यहरूले अन्य ऋण लिने स्रोत भन्दा कम व्याजदरमा ऋण सहकारीबाट प्राप्त गरेको पाइयो । प्रश्नावलीमा समावेश भएका सहकारीमा संलग्न सदस्यहरूबाट प्रतिक्रिया लिने क्रममा सदस्यहरूले लिएको ऋणको

स्रोतको आधारमा विभिन्न स्रोतबाट प्राप्त ऋणको व्याजदरको बारेमा यस्तो प्रतिक्रिया पाइयो ।

**तालिका ४.२९**

**देउराली बहुउद्देश्य सहकारी संस्थाको व्याजदर सम्बन्धी प्रतिक्रिया-२०७३**

| क.सं. | प्रतिक्रिया | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महँगो छ | १०० | २१.२७ |
| २ | सामान्य छ | १८० | ३८.३० |
| ३ | सस्तो छ | १४० | २९.७९ |
| ४ | अन्य वित्तीय संस्था सँग बराबर छ | ५० | १०.६४ |
| जम्मा | | ४७० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

माथिको तालिका अनुसार छनोटमा परेका सदस्यहरूबाट लिएको प्रतिक्रियामा संस्थाले उपलब्ध गराएको ऋण र अन्य स्रोतको ऋणको व्याजदरमा महँगो छ भन्ने १०० जना वा २१.२७ प्रतिशतले रहेको पाइयो । सामान्य छ भन्नेहरू ३८.३० प्रतिशत, सस्तो छ भन्नेहरू २९.७९ प्रतिशत र अन्य वित्तिय संस्थासँग बराबर छ भन्नेहरू १०.६४ प्रतिशत रहेको पाइएको थियो । यसबाट के स्पष्ट हुन्छ भन्ने छनोटमा परेका सहकारी संस्थाले लिने व्याज अन्य स्रोतको भन्दा महँगो नभएको वा संस्थाले उपलब्ध गराएको ऋणको व्याजदर उपयुक्त नै रहेको पाइएको थियो ।

## ४.९ प्राप्तिको सांराश (Summary of Finding)

यस अध्ययन लमजुङ्ग जिल्लाको, मध्यनेपाल नगरपालिका मा अवस्थित देउराली बहुउद्देश्यीय सहकारी संस्थाको त्यसमा आवद्ध सदस्यहरूको पारिवारिक आर्थिक तथा शैक्षिक अवस्था भन्ने शिर्षकमा गरिएको थियो ।

यसमा सहकारी संस्थाको वर्तमान अवस्था पत्ता लगाउनु, सहकारी संस्थाले सदस्यहरूका आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउनु र सहकारी संस्थाले प्रवाह गरेको ऋणका क्षेत्रहरू र ऋण प्रवाह गर्ने प्रकृयाको पहिचान गर्नु उद्देश्य राखिएको थियो । यस उद्देश्य पूरा गर्नको लागि वर्णनात्मक पद्धति अपनाइएको थियो । प्राथमिक तथ्याङ संकलन

गरि तालिका, चार्ट आदिको माध्यमबाट विश्लेषण गरिएको थियो । नमुना छनोटमा कुल ९१२ सदस्यहरूबाट ४७० जना उद्देश्यमूलक नमुना छनोट गरिएको थियो ।
यस सहकारी संस्थाको प्रमुख उद्देश्य सदस्यहरूको आर्थिक, सांस्कृतिक र वैयक्तिक क्षमताको विकास तथा सदस्य समुदायको सामाजिक विकास गर्न गरेको पाइयो ।

यस सहकारीको आ.व. २०७१/०७२ मा कुल पूँजीगत दायित्व रु ११६९४६७१५.४५ र आ.व. २०७२/०७३ मा कुल पूँजीगत दायित्व रु १४९८५०३४०.३९ रहेको पाइयो भने औसत वार्षिक पूँजीगत दायित्व रु १३३४०००२८.२ रहेको पाइयो ।

यस सहकारीको आ.व. २०७१/०७२ मा सहकारीको सम्पत्ति तथा जायजेथा रु ११६९४६७१५.४५ र आ.व. २०७२/०७३ मा कुल नगद सम्पत्ति रु १४९८५०३४०.३९ रहेको पाइया ।

यस सहकारी संस्थाले आ.व. २०७१/०७२ मा कुल लगानी रु ५७६१८२७६ र आ.व. २०७२/०७३ मा रु ६९९७८६८८ रहेको पाइयो । आ.व. २०७१/०७२ मा सबैभन्दा बढी लगानी व्यापारमा ७५.५८ प्रतिशत र सबैभन्दा कम भवन निर्माणमा ३.८१ प्रतिशत लगानी गरेको पाइयो । आ.व. २०७१/०७२ मा सबैभन्दा बढी लगानी व्यापारमा नै ६८.४१ प्रतिशत पाइयो भने सबैभन्दा कम लगानी विपन्न वर्गमा लगानी ०.५१ प्रतिशत गरिएको छ ।

यस सहकारीद्वारा प्रदान गरिने ऋण भुक्तानी कम्तिमा १ महिना र बढीमा १ वर्ष भित्रमा गर्नुपर्ने रहेको पाइयो र समयमा सावा व्याज चुक्त नगरेमा पहिलो महिनामा १ प्रतिशतले थप गरी असुल गर्ने छैटौ महिनादेखि ३० प्रतिशतले र १ वर्षभन्दा बढी भएमा १०० प्रतिशतले जरिवाना स्वरूप लिने व्यवस्था रहेको पाइयो ।

यस सहकारीमा आ.व. २०७१/०७२ मा सहकारीको कुल वचत रु ३,६६,९५,९२१.९० रहेको पाइयो भने आ.व. २०७२/०७३ को कुल वचत रु ३६९६२७२६.९२ रहेको पाइयो भने औसत वार्षिक पारिवारिक वचत रु ७८,६४४.९ रहेको पाइयो ।

यस सहकारीको आ.व. २०७१/०७२ मा कुल आम्दानी रु ६७,७७,४५८.४५ मा कुल खर्च रु २६,२४,६८४.४७ र कुल वचत रु ४१,५२,७७३.९८ भएको पाइयो र आ.व. २०७२/०७३ मा

कुल आम्दानी रु १,००,९६,९४७ मा कुल खर्च रु ४२,२५,७७४.५५ र कुल वचत रु ५८,७१,१७२.४५ भएको पाइयो ।

सहकारीमा संलग्न सदस्यहरू मध्ये ३८ प्रतिशतले सहकारीबाट, ३४ प्रतिशतले बैंक तथा वित्तीय संस्थाबाट, १४ प्रतिशतले साहुमहाजनबाट १२ प्रतिशतले अन्य (इष्टमित्रबाट) ऋण लिइएको पाइयो ।

नमुना छनोटमा परेका सदस्यहरूको तहगत वार्षिक आम्दानी रु ०-३०,००० सम्म वार्षिक आम्दानी गर्ने ३.४० प्रतिशत रु. ३०, ००-५०,००० सम्म वार्षिक आम्दानी गर्ने २३.४० प्रतिशत, रु. ५०,००० देखि रु ८०,००० सम्म वार्षिक आम्दानी गर्ने ३८.२९ प्रतिशत, रु. ८०,०००-१,००,००० सम्म वार्षिक आम्दानी गर्ने २५.५३ प्रतिशत रु. १,००,०० भन्दा माथि आम्दानी गर्ने २५ प्रतिशत रहेको पाइयो ।

नमूना छनोटमा परेका सदस्यहरूको वार्षिक खर्च सबैभन्दा बढी रु ५०,००० देखि रु ८०,००० सम्म खर्च गर्ने समूहमा ३१ प्रतिशत र रु ३०,००० सम्म खर्च गर्ने १५ प्रतिशत रहेको पाइयो ।

नमूना छनोटमा परेका सदस्यहरूको वार्षिक वचत सबैभन्दा बढी रु ४०,००० देखि रु ६०,००० वचत गर्ने समूहमा ४०.४२ प्रतिशत र सबैभन्दा कम रु २०,००० भन्दा कम गर्ने ५.१० प्रतिशत रहेको पाइयो ।

नमूना छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरू ८५.१० प्रतिशत साक्षर र १४.८९ प्रतिशत निरक्षर रहेको पाइयो ।

नमूना छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरूको बालबालिकाहरू मध्ये १५ देखि २० वर्ष उमर समूहका सबै भन्दा बढी २८.१२ प्रतिशत रहेको पाइयो भने सबैभन्दा कम २५ वर्ष भन्दा बढी ७.२९ प्रतिशत रहेको पाइयो ।

सहकारीमा संलग्न सदस्यहरूका बालबालिकाहरू मध्ये २०.८२ प्रतिशत प्रा.वि. तहमा, ४१.६६ प्रतिशत नि.मा.वि. तहमा, २०.८३ प्रतिशत मा.वि. तहमा, १४.५८ प्रतिशत उ.मा.वि. तहमा र २.८ प्रतिशत उच्च शिक्षामा अध्ययन गर्दै गरेको पाइयो ।

सहकारीमा संलग्न सदस्यहरूको बालबालिकाहरू सामुदायिक विद्यालयमा ४१.१९प्रतिशत र निजीमा ५७.८१ प्रतिशतले अध्ययन गरेको पाइयो ।

सहकारीमा संलग्न सदस्यहरूले सहकारीमा संलग्न भएर संगठनात्मक र सामुहिक भावनाको विकास, नेतृत्व गर्ने सक्ने क्षमताको विकास, पारिवारिक आम्दानी र खर्चमा वृद्धि, वचत गर्ने, वानीको विकास विकास र आत्मविश्वासमा वृद्धि जस्ता उपलब्धीहरू प्राप्त गरेको पाइयो ।

यस सहकारीले ऋण लगानीमा शैक्षिक तर्फ १२ प्रतिशतत, कृषि, उद्योग र व्यापार तर्फ १३.५ प्रतिशत, आकाश/जिल्ला/घर निर्माण तर्फ १३.५ प्रतिशत, सामाजिक क्षेत्रमा १२ प्रतिशत, अल्पकालिन तर्फ १३ प्रतिशत, आवधिक निक्षेप धितोमा १३.५ प्रतिशत, हायर पर्चेजमा (सवारी साधन) मा १३.५ प्रतिशत र अन्यमा प्रयोजनामा १४.५ प्रतिशतले व्याजदर निर्धारण गरेको पाइयो ।

यस सहकारीले ऋण दिने समयावधि कम्तिमा १ महिनादेखि बढीमा १ वर्ष सम्मको रहेको पाइयो ।

यस सहकारीले आ.व. २०७१/०७२ मा ६७७७४५८.४५ वार्षिक जम्मा आम्दानी गरेको पाइयो भने आ.व. २०७२/०७३ मा कुल वार्षिक आम्दानी रु १००९६९४७ रहेको पाइयो ।
यस सहकारीमा सदस्यहरूले जम्मा गरेको निक्षेपमा नियमित वचत तर्फ ८ प्रतिशत, ऐच्छिक तर्फ ९ प्रतिशत, आवधिक (१-२ वर्ष) मा ११ प्रतिशत, आवधिक (३-४ वर्ष) मा १२ प्रतिशत र आवधिक ५ वर्षमा १३ प्रतिशत व्याज दिने गरेको पाइयो ।

# अध्याय : पाँच (CHAPTER–FIVE)

## ५. निष्कर्ष र सुझावहरू (Conclusion and Recommendations)

### ५.१ निष्कर्ष (Conclusion)

लमजुङ्ग जिल्ला मध्यनेपाल नगरपालिका वाड नं. ७ मा अवस्थिति देउराली बहुउद्देश्यीय सहकारी संस्थाको अध्ययनबाट निम्नानुसारको निष्कर्ष प्राप्त भएको छ ।

१. यस सहकारी संस्थाको प्रमुख उद्देश्य सदस्यहरूको आर्थिक, सांस्कृतिक र वैयक्तिक क्षमताको विकास तथा सदस्य समुदायको सामाजिक विकास गर्न गरेको पाइयो ।

२. यस सहकारीको आ.व. २०७१/०७२ मा कुल पूँजीगत दायित्व रु ११६९४६७१५.४५ र आ.व. २०७२/०७३ मा कुल पूँजीगत दायित्व रु १४९८५०३४०.३९ रहेको पाइयो भने औसत कुल पूँजगत दायित्व रु १३३४०००२८.२ रहेको पाइयो ।

३. यस सहकारीको आ.व. २०७१/०७२ मा कुल नगद सम्पत्ति रु ११६९४६७१५.४५ र आ.व. २०७२/०७३ मा कुल नगद सम्पत्ति रु १४९८५०३४०.३९ रहेको पाइया ।

४. यस सहकारी संस्थाले आ.व. २०७१/०७२ मा कुल लगानी रु ५७६१८२७६ र आ.व. २०७२/०७३ मा रु ६९९७८६८८ रहेको पाइयो । आ.व. २०७१/०७२ मा सबैभन्दा बढी लगानी व्यापारमा ७५.५८ प्रतिशत र सबैभन्दा कम भवन निर्माणमा ३.८१ प्रतिशत लगानी गरेको पाइयो । आ.व. २०७१/०७२ मा सबैभन्दा बढी लगानी व्यापारमा नै ६८.४१ प्रतिशत पाइयो भने सबैभन्दा कम लगानी विपन्न वर्गमा लगानी ०.५१ प्रतिशत गरिएको छ । औषत वार्षिक लगानी रु ६३७९८४८२ रहेको छ ।

५. यस सहकारीद्वारा प्रदान गरिने ऋण भुक्तानी कम्तिमा १ महिना र बढीमा १ वर्ष भित्रमा गर्नुपर्ने रहेको पाइयो र समयमा सावा व्याज चुक्त नगरेमा पहिलो महिलनामा १ प्रतिशतले थप गरी असल गर्ने छैटो महिनादेखि ३०

प्रतिशतले र १ वर्षभन्दा बढी भएमा १०० प्रतिशतले जरिवाना स्वरूप लिने व्यवस्था रहेको पाइयो ।

६. यस सहकारीमा आ.व. २०७१/०७२ मा सहकारीको कुल वचत रु ३६९६२७२६.९२ रहेको पाइयो भने आ.व. २०७२/०७३ को कुल वचत रु ३६९६२७२६.९२ रहेको पाइयो भने औसत वार्षिक पारिवारिक वचत रु ७८६४४.०९ रहेको पाइयो ।

७. यस सहकारीको आ.व. २०७१/०७२ मा कुल आम्दानी रु ६७७७४५८.४५ मा कुल खर्च रु २६२४६८४.४७ र कुल वचत रु ११४३२२०३०.९ भएको पाइयो र आ.व. २०७२/०७३ मा कुल आम्दानी रु १००९६९४७ मा कुल खर्च रु ४१२५७७५.५५ र कुल वचत रु ५९७११७२.४५ भएको पाइयो ।

८. सहकारीममा संलग्न सदस्यहरू मध्ये ३८ प्रतिशतले सहकारीबाट, ३४ प्रतिशतले बैंक तथा वित्तीय संस्थाबाट, १४ प्रतिशतले साहुमहाजनबाट १२ प्रतिशतले अन्य (इष्टमित्रबाट) ऋण लिइएको पाइयो ।

९. नमुना छनोटमा परेका सदस्यहरूको तहगत वार्षिक आम्दानी रु ०-३०,०० सम्म वार्षिक आम्दानी गर्ने ३.४० प्रतिशत रु. ३०००-५००० सम्म वार्षिक आम्दानी गर्ने २३.४० प्रतिशत, रु. ५०,०० देखि रु ८०,००० सम्म वार्षिक आम्दानी गर्ने ३८.२९ प्रतिशत, रु. ८०,०००-१,००,००० सम्म वार्षिक आम्दानी गर्ने २५.५३ प्रतिशत रु. १,००,०० भन्दा माथि आम्दानी गर्ने २५ प्रतिशत रहेको पाइयो ।

१०. नमूना छनोटमा परेका सदस्यहरूको वार्षिक खर्च सबैभन्दा बढी रु ५०,००० देखि रु ८०,००० सम्म खर्च गर्ने समूहमा ३१ प्रतिशत र ३०,००० सम्म खर्च गर्ने १५ प्रतिशत रहेको पाइयो ।

११. नमूना छनोटमा परेका सदस्यहरूको वार्षिक वचत सबैभन्दा बढी रु ४०,००० देखि रु ६०,००० वचत गर्ने समूहमा ४०.४२ प्रतिशत र सबैभन्दा कम रु २०,००० भन्दा कम गर्ने ५.१० प्रतिशत रहेको पाइयो ।

१२. नमूना छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरू ८५.१० प्रतिशत साक्षर र १४.८९ प्रतिशत निरक्षर रहेको पाइयो ।

१३. नमूना छनोटमा परेका सहकारमिा संलग्न सदस्यहरूको बालबालिकाहरू मध्ये १५ देखि २० वर्ष उमर समूहका सबै भन्दा बढी २८.१२ प्रतिशत रहेको पाइयो भने सबैभन्दा कम २५ वर्ष भन्दा बढी ७.२९ प्रतिशत रहेको पाइयो ।

१४. सहकारमिा संलग्न सदस्यहरूका विद्यालय जाने उमेर समूहमा ४८० जना बालबालिकाहरू मध्ये ५१.०४ प्रतिशत सरकारी विद्यालयमा र ४८.९५ प्रतिशत निजी विद्यालयमा जाने बालबालिकाहरू रहेका पाइयो ।

१५. सहकारीमा संलग्न सदस्यहरूका बालबालिकाहरू मध्ये २०.८२ प्रतिशत प्रा.वि. तहमा, ४१.६६ प्रतिशत नि.मा.वि. तहमा, २०.८३ प्रतिशत मा.वि. तहमा, १४.५८ प्रतिशत उ.मा.वि. तहमा र २.८ प्रतिशत उच्च शिक्षामा अध्ययन गर्दै गरेको पाइयो ।

१६. सहकारीमा संलग्न सदस्यहरूले सहकारीमा संलग्न भएर संगठनात्मक र सामुहिक भावनाको विकास, नेतृत्व गर्ने सक्ने क्षमताको विकास, पारिवारिक आम्दानी र खर्चमा वृद्धि, वचत गर्ने, वानीको विकास विकास र आत्मविश्वासमा वृद्धि जस्ता उपलब्धीहरू प्राप्त गरेको पाइयो ।

१७. यस सहकारीले ऋण लगानीमा शैक्षिक तर्फ १२ प्रतिशतत, कृषि, उद्योग र व्यापार तर्फ १३.५ प्रतिशत, आकाश/जिल्ला/घर निर्माण तर्फ १३.५ प्रतिशत, सामाजिक क्षेत्रमा १२ प्रतिशत, अल्पकालिन तर्फ १३ प्रतिशत, आवधिक निक्षेप धितोमा १३.५ प्रतिशत, हायर पर्चेजमा (सवारी साधन) मा १३.५ प्रतिशत र अन्यमा प्रयोजनामा १४.५ प्रतिशतले व्याजदर निर्धारण गरेको पाइयो ।

१८. यस सहकारीले ऋण दिने समयावधि कम्तिमा १ महिनादेखि बढीमा १ वर्ष सम्मको रहेको पाइयो ।

१९. यस सहकारीमा सदस्यहरूले जम्मा गरेको निक्षेपमा नियमित वचत तर्फ ८ प्रतिशत, ऐच्छिक तर्फ ९ प्रतिशत, आवधिक (१-२ वर्ष) मा ११ प्रतिशत, आवधिक (३-४ वर्ष) मा १२ प्रतिशत र आवधिक ५ वर्षमा १३ प्रतिशत व्याज दिने गरेको पाइयो ।

## ५.२ सुझावहरू (Recommendation)

### ५.२.१ नितिसम्बन्धी सुझावहरू (Policy Related Recommendation)

१. ऋण लिने सदस्यहरूले उद्देश्य अनुसार कार्य गरे नगरेको वर्षमा कम्तिमा २/३ पटक अनुगमन तथा निरीक्षण गरिनु पर्दछ ।

२. यस संस्थाले ऋण उपलब्ध गराउन गाह्रो परेको हुनाले अन्य स्रोत बढाएर र अन्तरिक स्रोतको वृद्धि गरी पूँजी वृद्धिको लागि सेवामा विविधिकरण गर्नुपर्दछ ।

३. नमूना परेका सदस्यहरूमध्ये १४.८९ प्रतिशत निरक्षरहरूलाई साक्षर बनाउन नेपाल सरकारले प्रौढ शिक्षामा प्रभावकारिता ल्याउनु पर्दछ ।

### ५.२.२ प्रयोगात्मक क्षेत्रसँग सम्बन्धी सुझावहरू (Practices Related Recommendation)

१. यस सहकारीले कृषि/उद्योग/व्यापारमा १३.५ प्रतिशत व्याजमा ऋण दिने गरेको पाइयो । यस व्याजदरलाई १२ प्रतिशत कायम गरी कृषि कार्य, व्यापार व्यवसाय गर्न अप्रेरणा जगाउन पर्दछ ।

२. यस सहकारी संस्थाले गरेको कुल ऋण लगानी आ.व. २०७२/०७३ मा रु ६९९७८६८८ रहेको पाइयो । यो ऋण लगानी सदस्यहरूको मागको तलनामा कम  भएकोले सदस्यहरूको मागलाई पुरा गर्न साना कृषकहरू सँग रहेका वचत रकमलाई संकलित गर्दै जानुपर्ने देखिन्छ ।

३. सहकारीमा सदस्यहरूको वचत खातामा आ.व. २०७२/०७३ मा जम्मा वचत रु ११९२७४२० रहेको पाइयो । वचत रकमलाई वृद्धि गर्न सहकारीले दिने वचतको व्याजदरमा वृद्धि गरी वचत गर्न प्रोत्साहिन गर्नुपर्दछ ।

### ५.२.३ आगामी अनुसन्धान सम्बन्धी सुझावहरू (Further Related Recommendation)

१. सहकारीले महिला सशक्तिकरण पारेको प्रमुख अध्ययन गर्न सकिन्छ ।

२. सहकारीले साना किसानहरूको आर्थिक, शैक्षिक तथा सामाजिक क्षेत्रमा पारेको प्रमुख अध्ययन गर्न सकिने छ ।

३. सहकारीले प्रवाह गरेको ऋणको प्रभावकारीता अध्ययन गर्न सकिने छ ।

**सन्दर्भसूची (References)**


सहकारी ऐन, (२०४८), *बौद्धिक,* काठमाडौं : दर्पण प्रकाशन ।

बासकोटा, डि, (२०५०), *सहकारी आन्दोलन एक अवलोकन,* काठमाडौ. : कृषि सञ्चालन महाशाखा, कृषि मन्त्रालय, नेपाल सरकार ।

केन्द्रीय तथ्याङ्क विभाग (२०५८), *नेपालमा साना किसान विकास कार्यक्रम,* काठमाडौं : केन्द्रीय विभाग, नेपाल सरकार ।

पौडेल, राजेन्द्र (२०६०), *आनन्दवन सहकारी संस्था लिमिटेड,* त्रि.वि.वि. कीर्तिपुर, मानविकी तथा समाजशास्त्र विषय को (अप्रकाशित शोधपत्र) ।

तिमिल्सीना, राजन (सन् २००३), *साना विकास किसान सहकारी संस्था,* त्रि.वि.वि. कीर्तिपुर (अप्रकाशित शोधपत्र) ।

अर्याल, प्रकाश (२०६२), *साना किसान सहकारी संस्था लिमिटेड,* धादिङ, भूमिका ( अप्रकाशित शोधपत्र) त्रि.वि.वि., कीर्तिपुर ।

सहकारी विभाग (२०६४), *त्रिवर्षिय अन्तरिम योजना सहकारी क्षेत्र,* काठमाडौं : सहकारी विभाग ।

ओझा, कृष्णराज, (२०६४), *साना किसान बचत ऋण सहकारी संस्था,* त्रि.वि.वि. कीर्तिपुर ( अप्रकाशित शोधपत्र) ।

चौधरी, राजेश (सन् २००८), *हिमालय बचत ऋण सहकारी संस्था लिमिटेडको भूमिका,* त्रि.वि.वि. कीर्तिपुर (अप्रकाशित शोधपत्र) ।

नेपाल बचत तथा ऋण सहकारी केन्द्रीय संघ (२०६५), *बचत योजनाका लागि विशेष अभियान,* काठमाडौं : नेपाल बचत तथा ऋण सहकारी सहकारी केन्द्रीय संघ ।

दाहाल, होमनाथ (२०६६), *बचत तथा ऋण सहकारी गतिविधि/सहकारी स्मारिका,* काठमाडौं : नेपाल बचत ऋण सहकारी केन्द्रीय संघ ।

पौडेल, उमाकान्त (२०६६), *सहकारी संस्थाले कृषि क्षेत्रमा गरेको लगानी एक अध्ययन : चिवतन,* जिल्ला, त्रि.वि.वि. कीर्तिपुर (अप्रकाशित शोधपत्र) ।

राष्ट्रिय सहकारी विकास बोर्ड (२०६६), *सहकारी संवाद (वार्षिक अङ्क),* ललितपुर, राष्ट्रियसहकारी विकास बोर्ड ।

सहकारी प्रशिक्षण केन्द्र (२०६६), *सहकारिता र नेपालमा यसको विकासक्रम,* काठमाडौं : सहकारी प्रशिक्षण केन्द्र ।

अधिकारी, प्रशान्त (२०६७), *बचत तथा ऋण सहकारी संस्था,* त्रि.वि.वि. कीर्तिपुर ( अप्रकाशित शोधपत्र) ।

खतिवडा, युवराज (२०६७), *वचत तथा ऋण सहकारी स्थिति/वचत तथा ऋण सहकारी गतिविधिमा,* काठमाडौं : नेपाल बचत तथा ऋण केन्द्रीय स.घ ।

खनाल, पेशल (२०६७), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : सनलाईट पब्लिकेसन ।

अधिकारी, विष्णु (२०६८), *साना किसान बचत ऋण सहकारी संस्था,* त्रि.वि.वि. कीर्तिपुर ( अप्रकाशित शोधपत्र) ।

के.सी, कल्पना (२०६८), *महिला सशक्तिकरणमा बचत तथा ऋण सहकारी संस्थाको भूमिका,* त्रि.वि.वि. कीर्तिपुर, अप्रकाशित शोधग्रन्ध ।

न्यूरे, प्रशाद ध्रुव (२०६९), *अनुसन्धान पद्धति,* काठमाडौं : क्वेस्ट पब्लिकेसन ।

सहकारी संवाद वार्षिक अङ्क (२०६९), *राष्ट्रिय सहकारी,* विकास बोर्ड पुल्चोक, ललितपुर ।

खनाल, पेशल (२०७०), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : सनलाइट पब्लिकेशन ।

वम, र्हक, (२०७२), *बचत तथा ऋण सहकारी संस्थाको भूमिका,* त्रि.वि.वि. कीर्तिपुर ( अप्रकाशित शोधपत्र) ।

## अनुसूची-१

## सहकारी संस्थाका अध्यक्षको लागि प्रश्नावली

१. परिचय

क) सहकारी संस्थाको नाम :

ख) अध्यक्षको नाम :

ग) ठेगाना :

२) सहकारी संस्थाको विवरण

| क.सं. | कर्मचारीको नाम | उमेर | पद | शिक्षा |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |

३. तपाईको सहकारी संस्थाको स्थापना कहिले भएको हो ?

क) ......................... साल

४.	यस सहकारी संस्थाका शेयर होल्डरहरू कति जना छन् ?

क)	........................ जना

५.	यस सहकारी संस्थामा ऋण र 	छन् ?

क)	............................. जना

६.	यस संस्थामा आवद्ध सदस्यहरू कति छन् ?

क)	............................. जना

७.	य संस्थामा नियमित वचत गर्ने सदस्यहरू कति छन् ?

क)	............................. जना

८.	यस संस्थामा मुद्धति खातामा वचत गर्ने सदस्यहरू कति छन् ?

क)	............................. जना

९)	यस संस्थामा प्रति दिन कति वचत हुन्छ ?

क) ............................. हजार	ख) ............................. लाखमा

११)	यस सहकारी संस्थामा कतिजना कर्मचारी कार्यरत छन् ?

क)	............................. जना

१२.	यस संस्थाबाट गरिएका कर्जा लगानीको वार्षिक विवरण

| आ.व. | आर्थिक लगानी क्षेत्र | व्याजदर (प्रतिशत) | रकम (रु) मा |
|---|---|---|---|
| २०७१/०७२ | | | |
| २०७२/०७३ | | | |

१३. यस संस्थाबाट गरिएको कर्जा लगानीको वार्षिक विवरण

| कर्जा लगानी क्षेत्र | आ.व. | ब्याजदर (प्रतिशत) | रकम (रु) मा |
|---|---|---|---|
| शिक्षा | २०७१/०७२ | | |
| भवन निर्माण | २०७१/०७२ | | |
| व्यापार | २०७१/०७२ | | |
| वैदेशिक रोजगार | २०७१/०७२ | | |
| लघु उद्यम | २०७१/०७२ | | |
| कृषि | २०७१/०७२ | | |

१४. यस संस्थामा वचत गर्दा दिइने ब्याजदरको विवरण

| निक्षेपको प्रकार | अवधि | ब्याजदर |
|---|---|---|
| नियमित वचत | .................. वर्ष | .................. % |
| ऐच्छिक वचत | .................. वर्ष | .................. % |
| आवधिक वचत | .................. वर्ष | .................. % |
| | .................. वर्ष | .................. % |

१५. यस संस्थाको सम्पत्ति विवरण

| सम्पत्ति तथा जायजेथा | २०७१/०७२ | आ.व. २०७२/०७३ |
|---|---|---|
| नगद | | |
| बैंक | | |
| शेयर लगानी | | |

| | | |
|---|---|---|
| अन्य लगानी | | |
| स्थिर लगानी | | |
| स्थिर सम्पत्ति | | |
| अन्य | | |

१६. यस संस्थाबाट गरिएको वार्षिक खर्च विवरण

| आर्थिक वर्ष | खर्च रकम (रु) मा |
|---|---|
| २०७१/०७२ | |
| २०७२/०७३ | |

१७. यस संस्थाको वार्षिक आम्दानी विवरण

| आर्थिक वर्ष | आम्दानी रकम (रु) मा |
|---|---|
| २०७१/०७२ | |
| २०७२/०७३ | |

## अनुसूची -२

## सहकारीमा संलग्न सदस्यका लागि प्रश्नावली

१. परिचय

सहकारीको सदस्यको नामः

जात : पेशा :

उमेर : लिङ्ग : महिला/पुरुष

२. यस देउराली बहुउद्देश्यीय सहकारी संस्थामा तपाई किन सहभागी हुनुभयो ?

क. वचत गर्न

ख. ऋण प्राप्त गर्न

ग. भविष्यको सजिलो लागि

घ. सस्तो व्याजदरमा ऋण पाउन

३. तपाईले ऋण कहाँबाट प्राप्त गर्नु भएको छ ?

क. साहु/ महाजन

ख. वैक तथा वितिय संस्थााट

ग. छिमेकी

घ. आफन्त

४. साहु महाजनबाट ऋण लिँदा कति प्रतिशत व्याजमा लिने गर्नुहुन्छ ?

..........................................................................................

५. के तपाईले बैंक तथा वितिय संस्थाबाट ऋण लिनु भएको छ ?

क. छ ख. छैन

६. के तपाईले बैंक तथा वितिय संस्थाबाट ऋण लिनु भएको भए व्याज कति प्रतिशत तिर्नु भएको भए व्याज कति प्रतिशत तिर्नुहुन्छ ?

...........................................................................................

७. यस सहकारी संस्थामा कहिले देखि सदस्य बन्नु भएको हो ?

...........................................................................................

८. तपाईले यस सहकारीबाट कुन उद्देश्यले ऋण लिनु हुन्छ ?

क. शिक्षा

ख. व्यापार

ग. भवन निर्माण

घ. कृषि

ङ अन्य

९. तपाईले लेख्न पढ्न सक्नु हुन्छ ?

क. सक्छु

ख. सक्दिन ?

१०. तपाईको परिवारमा कति जना सदस्य हुनुहुन्छ ?

...........................................................................................

११. तपाईको परिवारमा पुरुष कतिजना हुनुहुन्छ ?

...........................................................................................

१२. तपाईको परिवारमा कतिजना साक्षर हुनुहन्छ ?

...........................................................................................

१३.	तपाईले कति सम्म अध्ययन गर्नुभएको छ ?

क. साधारण	ख. प्रा.वि. तह

ग. मा.वि. तह	घ. उच्च शिक्षा

ङ. अन्य...

१४.	तपाई आफ्नो बालबालिकालाई पढ्न कहाँ पढाउनुहन्छ ?

क. निजी विद्यालय	ख. सरकारी विद्यालय

१५.	तपाईको बालबालिका कति छन् ?

.......................................................................................................

१६.	तपाईको बालबालिकाहरू कति कति वर्षका छन् ?

क.	......................................

ख.	......................................

ग.	......................................

घ.	......................................

१७.	तपाईको बालबालिकाहरू कुन कुन तहमा अध्ययन गर्दैछन् ?

क.	प्रा.वि.	ख. नि.मा. वि.

ग.	मा.वि.	घ. उ.मा.वि.

ङ.	उच्च शिक्षा

१८.	तपाईको यस सहकारीाट ऋण लिनु भएको छ ?

क. छ	ख. छैन

१९. यदि ऋण लिनु भएको छ भने व्याजदर कति प्रतिशत छ ?

क. १२ प्रतिशत ख. १४ प्रतिशत

ग. १६ प्रतिशत घ. अन्य ...

२०. तपाईले यस संस्थाबाट लिएको ऋणको व्याजदर तपाईलाई कस्तो लाग्छ ?

क. सस्तो ख. महँगो

ग. अरुवित्तिय संस्था जतिकै घ. सामान्य

२१. सहकारी संस्थाबाट ऋण आफूले चाहेको समयमा पाइन्छ ?

क. पाइन्छ ख. ढिला हुन्छ

२२. बहुउद्देश्यीय सहकारी संस्थामा सरीक हुँदा र नहुँदाको अवस्थामा तपाईको आर्थिक स्थितिमा केही फरक पाउनु भएको छ ?

क. फरक छ ख. छैन

ग. खासै छैन घ. धरै फरक

२३. संस्थाबाट लिएको ऋण उद्देश्य अनुसार नै खर्च गर्नुहुन्छ ?

क. उद्देश्य अनुसार नै खर्च गर्छु

ख. खासै उद्देश्य अनुसार गर्दिन

२४. संस्थाबाट लिएको ऋण समयमा भुक्तान गर्नु भएको छ ?

क. छ ख. छैन

२५. यदि समयमा भुक्तान गर्नु भएको छैन भने किन ?

.............................................................................

२६. तपाईले लिनु भएको ऋणको कार्यान्वयन गर्दा सम्बन्धित निकायाट निर्देशन वा निरिक्षण हुन्छ ?

क. हुँदैन ख. हुन्छ

२७. तपाईले सहकारी संस्था संलग्न भएर कुनै तालिम पाउनु भएको छ ?

क. छ ख. छैन ग. सामान्य लिएको छु

२८. तपाईले प्राप्त गर्नुभएको तालिम कुन हो ?

क. सीपमुलक/आयमुलक

ख. चेतनामुलक

ग. नेतृत्व विकास

घ. अन्य ...

२९. तपाई सहकारी संस्थामा संलग्न भएर सन्तुष्ट हुनुहुन्छ ?

क. छ ख. छैन

३०. तपाईको वार्षिक आम्दानीका स्रोतहरू के के हुन् र ति स्रोतहरूबाट कति आम्दानी हुन्छ ?

क. कृषि रु...........................

ख. जागिर रु...........................

ग. व्यापार रु...........................

घ. वैदेशिक रोजगार रु...........................

ङ. अन्य रु...........................

३१. तपाईको वार्षिक आम्दानीबाट वार्षिक खर्च कुन कुन क्षेत्रमा कति कति गर्नुहुन्छ ?

क. कृषि रु.........................

ख. स्वास्थ्य रु.........................

ग. शिक्षा रु.........................

घ. सामाजिक क्षेत्र रु.........................

ङ. चाडपर्व रु.........................

च. अन्य रु.........................

३२. तपाईको वर्षमा कति रकम वचत हुन्छ ?

क. .....................................?

# अनुसूचि ४

## अवलोकन फारम

### सहकारी संस्थामा संलग्न सदस्यहरूको घरपरिवारको अवलोकन सूची

| क्र.सं. | विवरण | राम्रो | मध्यम | न्यून |
|---|---|---|---|---|
| १ | घर | | | |
| २ | शौचालय | | | |
| ३ | खानेपानी | | | |
| ४ | सरसफाई | | | |

## अनुसूची ५

## छलफल निर्देशिका

छलफल मिति :　　　　　　　　　　स्थान :　　　　　　　　　　समय :

१. सहकारीले दिने ऋण भुक्तानी अवधी तपाईहरूलाई ठिकै छ, जस्तो लाग्छ कि परिवर्तन गर्नुपर्ला जस्तो लाग्छ ?

२. सहकारीले बचतका लागि दिने व्याजदर तपाईहरूलाई कस्तो लाग्छ ?

३. सहकारीले ऋण लगानी नीति कस्तो रहेको छ ?

४. सहकारीले बचतलाई प्रोत्साहन गर्न के कस्ता नीतिहरू अपनाएको छ ।

५. सहकारीले ऋण लगानी गर्ने क्षेत्रहरू कुन कुन छन् ? अन्य कुन कुन क्षेत्रहरू थप गर्न आवश्यक छ ?

६. सहकारीले प्रदान गर्ने तालिमहरू तपाईहरूलाई कस्तो लाग्छ ? अन्य के के तालिमहरू थप होस् जस्तो लाग्छ ?

७. यस सहकारीका समस्याहरू के के हुन् ? ती समस्या समाधान गर्न के गर्नु पर्ला ?